**Prithvi wangmaya Journal**
**Vol. 14, 2024**
**Nepali Department, Prithvinarayan Campus, (TU)**
**Pokhara, Nepal**

# नेपाली उपन्यासको कालविभाजनका समस्या र समाधान

**प्रा.डा. विष्णुप्रसाद पौडेल**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: paudel.vishnu@yahoo.com

Received date : 3 June 2024, Reviewed date : 14 June 2024, Accepted date : 2 August 2024

**सार**

नेपाली उपन्यासको उत्पत्ति र विकासको व्यवस्थित अध्ययनका लागि कालविभाजन महत्त्वपूर्ण पक्ष भए पनि हालसम्म यसको तथ्यसङ्गत कालविभाजन नदेखिएकाले प्रस्तुत अध्ययन त्यसैमा केन्द्रित छ । यसक्रममा नेपाली उपन्यासको कालविभाजनमा केकस्ता समस्या किन देखिएका छन् र तिनको समाधान कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासा यस लेखका समस्या हुन् । ती समस्याहरूको कारणसहित क्रमशः निरूपण गरेर तार्किक समाधान दिनु यसको उद्देश्य हो । पुस्तकालयस्रोतमा आधारित यस शोधमा महत्त्वपूर्ण प्राथमिक र द्वितीयक सामग्री स्वैच्छिक रूपमा छनोट गरिएको छ । साथै शोधसमस्याको अध्ययनविश्लेषण गर्न ज्ञानमीमांसाका रूपमा साहित्येतिहासको कालविभाजनको सैद्धान्तिक आधार र कालखण्ड (प्राथमिक, माध्यमिक र आधुनिक) का न्यूनतम मापकहरूको निर्धारण पनि गरिएको छ। सोही आधारमा यहाँ निर्धारित उद्देश्यको अन्वेषण गरिएको हुँदा यो लेख गुणात्मक शोधविधिमा आधारित छ । यसअनुसार नेपाली कविताकेन्द्री पूर्ण साहित्येतिहासले उपन्यासको उत्पत्ति र विकासलाई बेवास्ता गरी कालविभाजन गरेको, उपन्यासकेन्द्री इतिहास पनि पूर्ण साहित्येतिहाकै ढाँचामा लेखिएका, तिनमा इतिहासवादी दृष्टिकोणलाई त्यति महत्त्व नदिइएको, कालखण्डको समयनिर्धारणमा वस्तुगत आधारको अनुसरण नगरिएको, प्राथमिक, माध्यमिक र आधुनिक कालखण्डका न्यूनतम सैद्धान्तिक मापकप्रति सचेतता नरहेको, रहे पनि सबै विधामा समान रूपले लागू नगरिएको, शक्तिका आडमा कृतिको अधिमूल्यन गरी आधुनिकता निर्धारण गरिएको जस्ता कारणले नेपाली उपन्यासको कालविभाजनमा अनेक समस्या देखिएका छन् । यस्ता समस्याहरूको गहन अनुशीलन गरी समाधानका रूपमा नेपाली उपन्यासको प्राथमिक (सुरु/१८२७-१९९०), माध्यमिक (१९९१-२००३) र आधुनिक (२००४- आजसम्म) कालको समयनिर्धारण यहाँ अपरम्परित तर तार्किक आधारमा गरिएको छ । यस प्राज्ञिक कर्मले अरू उपविधाका कालविभाजनका समस्यालाई पनि

अप्रत्यक्षतः सङ्केत गरेको छ । तथ्यसङ्गत ढङ्गमा यही बाटोबाट अगाडि बढ्दै गए नेपाली पूर्ण साहित्येतिहासको अपूर्णताको खाडल पुर्न सकिन्छ ।

**शब्दकुञ्जी :** उपन्यास, कार्यकारण सम्बन्ध, कालखण्डका मापक, मिश्रित रूपाङ्कन, साहित्येतिहास ।

## विषय-परिचय

**नेपाली उपन्यास** नेपाली साहित्यको आख्यान विधाको एक उपविधा हो । उपन्यास पश्चिमबाट थालनी भई फैलिँदै जाँदा बङ्गाली र हिन्दी साहित्य हुँदै नेपाली साहित्यमा धेरैपछि भित्रिएको मानिन्छ । पश्चिममा पनि यो कविता, नाटकभन्दा धेरैपछि थालनी भएको हो तर यसले आफूलाई उच्च मूल्यवत्ताका साथ राम्रैसँग स्थापित गरिसकेको छ (जैन, सन् १९७२, पृ. भूमिका क) । सामन्तवादी युगमा महाकाव्यको वर्चस्व थियो तर त्यसलाई पुँजीवादी युगमा उपन्यासले विस्थापित गरेको मानिन्छ । यो उदार लोकतान्त्रिक समाजमा नै मौलाउन सक्छ किनभने यो सङ्कटग्रस्त समाज र जीवनसँग अभिन्न बनेर प्रस्तुत हुन्छ र तिनका रहस्यभेदनमा तल्लीन रहन्छ । अभिव्यक्ति स्वतन्त्रतामा तगारो तेर्सिन थाल्दा यसलाई व्यक्त हुन सकस पर्छ किनभने यो जनसामान्यको वा मानवताको पक्षधर सरल र सरस अभिव्यक्ति वा गद्याख्यान हो । त्यसो त यो सुरुमा जासुसी, तिलस्मी, ऐयारी प्रवृत्तिको रम्याख्याबाट रूपान्तरण हुँदै यथार्थवादी गद्याख्यान भयो । पछि यसले स्वैरकल्पना, चेतनप्रवाह जस्ता अनेक नवशिल्पप्रविधि अङ्गीकार गर्दै जादुमय यथार्थवादी पनि बनेको तथ्य नेपाली उपन्यासपरम्परामै देख्न सकिन्छ । मानवीय जीवनका जेजति वैविध्यपूर्ण र जटिल आयामहरू उपन्यासमा चित्रित हुन सक्छन् त्यति अन्य कुनै पनि साहित्यमा हुन नसक्ने ठानिन्छ (सिंह, सन् २००८, पृ.५०) । त्यही भएर यसलाई "सबै साहित्यिक सिद्धान्तको प्रयोगशाला" (बराल, २०५६, पृ.१८) पनि भनिएको छ । यस्तो बहुरूपी उपन्यासलाई प्रयोग वैचित्र्यको नयाँ क्रीडाभूमिका रूपमा पनि लिइन्छ ।

**काल** शब्द प्रस्तुत सन्दर्भमा समयको पर्यायका रूपमा आएको छ । यसले यहाँ नेपाली उपन्यासको अतीत र वर्तमानको लामो ऐतिहासिक परम्परा बोध गराएको छ ।

**कालविभाजन** कालविभाजन भनेको समयक्रममा भएका अतीतका गतिविधिलाई विभिन्न खण्डमा विभाजित गर्ने काम हो । कालविभाजन इतिहासको कुरा भए पनि साहित्यमा यो अन्तर्विषयक तत्त्व बनेर रहेको छ । साहित्यको अध्ययनमा कालविभाजनले विभिन्न उपविधाहरूको विकासक्रमलाई युगीन पृष्ठभूमिमा राखेर व्यवस्थित रूपमा सजिलोसँग अधिक सूक्ष्मताका साथ वस्तुपरक अध्ययन गर्न सघाउँछ । त्यसैले उपन्यासको अध्ययनमा **कालविभाजनको औचित्य** रहेको छ ।

**अध्ययनको रिक्तता र शोधको महत्त्व**का कोणबाट हेर्दा नेपाली साहित्यको कालविभाजन सामान्यतया प्राथमिक काल (सुरु/१८२७-१९४० सम्म), माध्यमिक काल (१९४१-१९७४/१९९० सम्म) र आधुनिक काल (१९९१- आजसम्म) मान्ने चलन छ र नेपाली उपन्यासलाई पनि तिनैमा समावेश गरेर हेरिँदै आइएको छ । उपन्यासमा मात्रै केन्द्रित भएर कालविभाजन निकै पछिमात्रै गरेको देखिन्छ । उपन्यासकेन्द्री ती विभाजन पनि धेरैजसो समग्र नेपाली साहित्यकेन्द्री विभाजन अनुरूपकै पाइन्छन् । केहीमा भने फरक धारणा पनि देखिएका छन् ।

नेपाली उपन्यासका बारेमा अलि विस्तारमा चर्चा गर्ने कृष्णचन्द्रसिंह प्रधान हुन् । उनले २०२३ सालको *नेपाली* पत्रिका (पूर्णाङ्क २९) मा "नेपाली उपन्यास" शीर्षकको लेख छपाएका थिए । त्यसैलाई २०२५ सालको *साझा समालोचना*मा पुनः प्रकाशन गरेका छन् । यसमा उनले नेपाली

उपन्यासपरम्पराको विस्तारमा चर्चा गर्दै प्राथमिक काल (सुरु/ *हितोपदेश मित्रलाभ*देखि १९४५ सम्म), माध्यमिक काल (१९४६ देखि १९९० सम्म) र आधुनिक काल (१९९१ देखि हालसम्म) को सङ्केत पनि गरेका छन् (प्रधान, २०२५, पृ.४०९-४२७) । पछि *नेपाली उपन्यास र उपन्यासकार* नामक उपन्यास समालोचना कृतिमा सो लेखलाई अझ विस्तार गरी प्रस्तुत गरेको पाइन्छ । २०२३ सालकै सो लेखमा सुरुदेखि १९४६ पूर्वको समयमा कथात्मक गद्य साहित्यको जग बसाल्ने प्रारम्भिक प्रयास मात्रै भएको तर उपन्यास नजन्मिएको जनाएका छन् (प्रधान, २०२५, पृ.४१४) । त्यस्तै गद्य साहित्यको विशुद्ध प्रारम्भ मोतीरामकै समयमा भएको र लेखकहरू तत्कालीन राजनीतिक परिस्थितिको मूल्याङ्कन गरी मनोरञ्जनका लागि जासुसी तिलस्मी शैलीका उपन्यास (वीरसिक्का, वीरचरित्र) लेख्न लागेका र कतिपयले धार्मिक नीतिशिक्षाका लागि पौराणिक आख्यान (महासती अनसूया, शर्मिष्ठा) लाई पनि प्रस्तुत गरेका, त्यस्तै केहीले सामाजिक विषयवस्तु (यमपञ्चक प्रपञ्च) पनि समेटेका तर १९४६ देखि १९९० सम्ममा सबै उपन्यास प्रारम्भिक अवस्थाकै रहेका भन्ने उनको मूल्याङ्कन छ (प्रधान, २०२५, पृ.४१४ र ४१८) । यस्तो किन भयो त भन्ने प्रश्नको उत्तरमा उनले "उपन्यास जस्तो गद्यरचना विचारस्वातन्त्र्यको अभावमा फस्टाउनै सक्दैन । ......... नेपाली उपन्यासको बाटोमा यही ठुलो तगारो भयो जसले गर्दा ४५ वर्षको अवधिभित्र एउटा पनि गतिलो उपन्यास सिर्जिन सकेन" भन्ने राम्रो तार्किक निष्कर्ष निकालेका छन् (प्रधान, २०२५, पृ.४१९) । त्यतिखेरका विभिन्न स्रोतका र मौलिक ठानिएका कृतिको चर्चा गर्दै तिनको ऐतिहासिक महत्त्व रहे पनि साहित्यिक मूल्य र महत्त्व खासै नरहेको हुँदा ती सबै प्रारम्भिक अवस्थाका उपन्यास हुन् भन्ने उनको यथार्थपरक निष्कर्ष छ ।

उपन्यासलेखनको यस्तो दुर्बल परम्परा वा ऐतिहासिक पृष्ठभूमिमा भए पनि उनले पनि १९९१ मा प्रकाशित *रूपमती* उपन्यासबाट आधुनिक परम्पराको थालनी भएको र त्यसलाई *भ्रमर* उपन्यासले अझ अघि बढाएको मानेका छन् । उनकै शब्दमा भन्दा "रूपमतीले गोडेको उपन्यासको पर्ती जग्गालाई रूपनारायणको भ्रमरले मलिलो पाऱ्यो" वा "१९९१ देखि नेपाली उपन्यासले काँचुली फेऱ्यो" (प्रधान, २०२५, पृ.४२०) । यसो भने पनि फेरि राणाशासनको नियन्त्रणका कारण उपन्यासको सामाजिकता पारिवारिक इतिवृत्तमा सीमित हुनुपरेको, औपन्यासिक शैली र कलामा नौलोपन देखिए पनि "अझै भाग्यवादको सहारा लिई पलायनवादी मनोवृत्तिलाई पोषण गर्ने तथा पौराणिक आदर्श र उपाख्यानबाट आकर्षित जीवनदृष्टिमा निसास्सिरहने उपन्यासको सृष्टि रोकिएन" (प्रधान, २०२५, पृ.४२०) भन्ने पनि स्वीकारेका छन् । यसबाट उनले दाबी गरेको १९९१ देखि आधुनिक उपन्यासपरम्पराको थालनी भएको र उपन्यासले काँचुली फेरेको कुरा आफै खण्डित भएका छन् । त्यस्तै *रूपमती*पूर्वका सबै उपन्यास प्रारम्भिक प्रकृतिका देखिएपछि *रूपमती* नै एक्कासि आधुनिक बनेर देखिनु पनि ऐतिहासिक विकासका दृष्टिले स्वाभाविक मानिँदैन । त्यस्तै औपन्यासिक शैली र कलामा नौलोपन रूपमती र भ्रमरमा केही देखिए पनि त्यसपछि २००३ सालसम्मका कुनै पनि उपन्यासमा त्यो देखिँदैन । बरु स्वर र शिल्प दुबै दृष्टिले तीभन्दा दुर्बल नै देखिन्छन् (पौडेल, २०६९ ख, पृ.६८-७८) । त्यसैले प्रधानको प्राथमिक र माध्यमिक कालीन विश्लेषण तथ्यसङ्गत रहे पनि आधुनिक कालीन दृष्टि तार्किक देखिन्न । यस वास्तविकतालाई त्यसपछिका नेपाली उपन्यासपरम्पराका सबैजसो समीक्षकहरूले आत्मसात् गर्न सकेका छैनन् र आधुनिकतासम्बन्धी प्रधानकै दृष्टिकोणलाई सामान्य शब्दान्तरले अनुमोदन गरेको भेटिन्छ ।

प्रधानपछि वासुदेव त्रिपाठीले आधुनिक नेपाली उपन्यासको चर्चा गर्दा पृष्ठभूमिका रूपमा १९९० अघिका उपन्यासको प्रवृत्तिको सर्सर्ती सङ्केत गरेपछि आधुनिक उपन्यासका रूपमा सुमति, रूपमती र भ्रमर उपन्यासहरूको चर्चा गरेको पाइन्छ । उनी सुमतिमा आधुनिकताको प्रभाती आभास,

रूपमतीमा निकै मिर्मिराइसकेको उज्यालो र भ्रमरमा आधुनिकताको झलमल्ल घाम लागिसकेको अवस्था वा आधुनिकताको पूर्ण प्रतिष्ठा भइसकेको स्थिति देख्छन् (त्रिपाठी, २०२८, पृ.९२) । त्रिपाठीको यस चर्चामा सुमतिलाई १९९१ सालको र रूपमतीलाई १९९२ सालको मानिएको छ (त्रिपाठी, २०२८, पृ.९२) तर त्यो सत्य होइन । दुवै १९९१ सालमै प्रकाशित हुन् । लेखनका दृष्टिले सुमति जेठो ठानिए पनि प्रकाशनका दृष्टिले रूपमती जेठमा र सुमति असोजमा प्रकाशित भएका (पराजुली, २०३३, पृ.१९) हुँदा सुमतिको कुनै ऐतिहासिक मूल्य देखिन्न किनभने भनिएको भन्दा प्रकाशित मिति महत्त्वको मानिन्छ । अर्को कुरा रूपमतीको भन्दा सुमतिको औपन्यासिक मूल्य पनि धेरै नै खस्किएको पनि छ (पौडेल, २०६९ क पृ.११६-११८) । यस्तै "माध्यमिक कालको अतिरञ्जना र अलौकिकताको हावामहल रूपमती आएपछि पूर्णतः गर्ल्यामगुर्लुम्म भएर ढल्छ" (त्रिपाठी, २०२८, पृ.९२) भन्ने अतिशयोक्तिपूर्ण मूल्याङ्कन पनि गरिएको छ किनभने उपन्यासको विषयमा सबै कुरा भए पनि रूपमतीको सन्तान नहुनुलाई ठुलो समस्या मानिएको छ र त्यसको समाधान अतिरञ्जना र अलौकिकताका आधार (पशुपतिका बाबाले दिएको प्रसाद रूपमतीले खाएर) मा खोजिएको छ। यस्तो प्रवृत्ति सुखान्त समाधान खोज्दा भ्रमरमा पनि देखिएको छ। मात्रात्मक अन्तर रहे पनि दुवैमा परम्परित आदर्शको मनग्गे प्रयोग छ जुन आधुनिकतासँग मेल खाने कुरा होइन ।

त्रिपाठीपछि यज्ञराज सत्यालले पूर्ववर्तीको भन्दा नयाँ कुरा के भनेका छन् भने आधुनिक उपन्यास हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यास हो (सत्याल, २०२९, पृ.१००) । सत्यालले आधुनिक लेखनलाई रूपभन्दा अन्तर्वस्तुका आधारमा निर्धारण गर्न खोजेका छन् जुन मार्क्सवादी दृष्टिकोण अनुकूल छ । तर आफ्नो नयाँ मान्यता स्थापित गर्न उनले पूर्ववर्ती धारणाको स्पष्टसँग खण्डन गरेको पाइन्न । त्यस्तै *स्वास्नीमान्छे* उपन्यासको अव्यवस्थित औपन्यासिक संरचना र दृष्टिकोणको विरोधाभासलाई (पौडेल, २०६९ क, पृ. १७१-१७२) पनि सत्यालले ख्याल गरेको देखिँदैन । त्यसैले सत्यालको आधुनिक नेपाली उपन्याससम्बन्धी नवधारणा प्रमाणद्वारा पुष्ट हुन सकेको छैन ।

यसपछि २०३१ सालमा *नेपाली उपन्यासका आधारहरू* कृतिमा इन्द्रबहादुर राईले "उपन्यास कला हो र कलात्मकताको उपस्थितिले चिन्दा विकसित प्रथम आधुनिक नेपाली उपन्यास रूपनारायण सिंहको भ्रमरलाई भेट्छौँ" (राई, २०५०, पृ.३०६) भनेका छन् । यही पृष्ठभूमिमा ठाकुर पराजुलीले कृष्णचन्द्रसिंह प्रधानको जस्तै नेपाली उपन्यासको कालविभाजन गरी प्राथमिक कालमा गद्य भाषामा आख्यान कथन मात्रै गरिएको, माध्यमिक कालमा परम्परित धार्मिक बन्धनबाट मुक्त भई शृङ्गार, साहस र अद्भुत रोमाञ्चका नयाँ काल्पनिक दुनियाँमा प्रवेश गरी उपन्यासको जन्म भएको तर पश्चिमी शिक्षा चेतनाको अभावमा पश्चिमबाट उदाएको उपन्यासको लेखन पर्याप्त हुन नसकेको जनाएका छन् । साथै आधुनिकता रूपमतीमा सुरु भई भ्रमरमा त्यसले पूर्णता पाएको बताएका छन् (पराजुली, २०३३, पृ.१२-१३ र १८-२०) । राई र पराजुलीले नेपाली उपन्यासहरूको मसिनो विश्लेषण प्रस्तुत गरेका भए पनि आधुनिकताका बारेमा आदर्शवादसँग साइनो खोज्नुचाहिँ त्यति मिल्दो देखिन्न । अझ उपन्यास पश्चिमी उत्पादन भएकाले पश्चिमी शिक्षाको विकास नहुँदासम्म फस्टाउन सक्दैन भनेर पनि परम्परित आदर्शवादी लेखनलाई आधुनिक मान्नाले दृष्टिकोणमा विरोधाभासमात्रै झल्किएको छ । अर्को कुरा के पनि हो भने उपन्यास कला त हो तर विचार वा संवेदनाशून्य कला भने होइन ।

यसपछि २०३४ सालमा मोहनराज शर्माले कालको नाम प्राथमिक, माध्यमिक र आधुनिकभन्दा पृष्ठभूमि (१८२७-१९४५), निर्माण (१९४६-१९९०) र विकास काल (१९९१- अहिलेसम्म) भन्नु उपयुक्त ठानेका छन् (श्रेष्ठ र शर्मा, २०४०, पृ.१११) । पृष्ठभूमि कालका "आख्यानहरूलाई उपन्यास नै भनेर

किट्न चाहिँ सकिन्न" (श्रेष्ठ र शर्मा, २०४०, पृ.११४) भनेर पूर्ववर्ती कृष्णचन्द्रसिंह प्रधानकै कुरामा सहमति जनाएका छन् । आधुनिक उपन्यास भने *रूपमती* नै मानेका छन् तर उनको यो धारणा विवादग्रस्त छ किनभने *रूपमती*लाई उनले कतै माध्यमिक कालीन भावुक आदर्शको उपन्यास *यमपञ्चक प्रपञ्च* (१९६३) कै परिमार्जित रूप भनेका छन् भने कतै सर्व प्रथम सामाजिक यथार्थवाद प्रयोग गरिएको उपन्यास मानेका छन् (श्रेष्ठ र शर्मा, २०४०, पृ.११८) । यस्तै उनकै अर्को प्रकाशनमा प्राक् आधुनिक कालको "पहिलो मौलिक सामाजिक उपन्यास" (शर्मा, २०४०, पृ.२१) मात्र भनेका छन् आधुनिक मानेका छैनन् । फेरि *मुलुकबाहिर* (२००४) उपन्यासलाई शिल्पका दृष्टिले कोसेढुङ्गो साबित हुन सक्ने पाश्चात्य यथार्थवादी आधुनिक उपन्यास भनेका छन् (श्रेष्ठ र शर्मा, २०४०, पृ.११९) तर यथार्थवाद वा सामाजिक यथार्थवाद दुवै पाश्चात्य नै हुन् (पौडेल, २०६९ख, पृ.३७ ) । जे होस् शर्माको यस प्रस्तुतिले *रूपमती*लाई आधुनिक नेपाली उपन्यास भने पनि उनको त्यसप्रतिभन्दा *मुलुकबाहिर*प्रति बढी आकर्षण रहेको बुझिन्छ । *रूपमती*प्रतिको यस्तो धरमर स्थिति दयाराम श्रेष्ठमा पनि छ । उनले पनि आधुनिक परम्पराको सुरुवात *रूपमती*ले गरेको त भनेका छन् तर कतै "मुलुकबाहिरले रूपमतीबाट थालनी भएको यथार्थवादी परम्परालाई विस्तृत तुल्यायो" (श्रेष्ठ, २०४१, पृ.१७८) र कतै "रूपमतीले यथार्थवादको केवल पृष्ठाधारमात्र तयार गर्ने प्रयास गऱ्यो तर यसवादलाई विशुद्ध रूपमा अघि बढाउने काम मुलुकबाहिरले नै गरेको हो" (श्रेष्ठ, २०४१, पृ.१८०) भनेको पाइन्छ । यसबाट आधुनिक लेखन यथार्थवादी हुन्छ भन्ने ठान्ने हो भने *रूपमती*भन्दा *मुलुकबाहिर* बढी ठिक हो भन्ने सङ्केत दिएको छ ।

इतिहासको लेखनमा सत्ता वा शक्तिको खेल पनि चल्छ । नेपाली उपन्यासको इतिहासको आधुनिक कालखण्डको थालनी रूपमतीबाट भयो भन्ने भनाइमा केहीहदसम्म शक्तिको खेलले काम गरेको पनि देखिन्छ । किनभने रुद्रराज पाण्डे शिक्षा क्षेत्रमा उपल्लो पहुँचमा पुगेका (शिक्षा सचिव र त्रि वि का उपकुलपति) मानिस थिए । उनको प्रभाव त्रिभुवन विश्वविद्यालयमा त थियो नै । प्रज्ञा प्रतिष्ठान र साझा प्रकाशनमा पनि त्रि वि कै जनशक्तिका आधारमा उनको प्रभाव विस्तार रहेको थियो । त्यसैले ती संस्थाले कृष्णचन्द्रसिंह र वासुदेव त्रिपाठीहरूको धारणालाई धेरै कालसम्म अनुलङ्घनीय ठानिरहे । फलतः त्यहाँबाट निस्कने कृतिमा सोही धारणाको पक्षधर हुन बाध्य पारियो । अन्यथा मोहनराज शर्माहरूले आफ्नो पर्याप्त असन्तुष्टि रहँदा रहँदै पनि रूपमती नै पहिलो आधुनिक उपन्यास भन्ने थिएनन् । यो कुरा धेरै पछि आएर मोहनराज शर्माले भनेको यस भनाइबाट पनि पुष्टि हुन्छ । जस्तै- "आदर्श र आधुनिकता परस्पर विपरीत विचारधारा भएकाले रूपमतीजस्तो आदर्शोन्मुख कृतिलाई प्रथम आधुनिक उपन्यास भन्नु तर्कसङ्गत ठहरिँदैन" (शर्मा, २०६०, पृ.७४) । तर सोही साल प्रज्ञाको प्रकाशनमा त रूपमतीलाई नै फेरि आधुनिक मानेको देखिन्छ (शर्मा र लुइटेल, २०६०, पृ.१९) । यस्तै तारानाथ शर्मा जस्ता स्पष्टवादी समीक्षकले पनि रूपमतीको आधुनिकताको विवादमा नफँसी नैतिक आदर्श र सुधारको लक्ष्य लिएको नेपालीको पहिलो सामाजिक उपन्यास भनेर उम्किएको पाइन्छ (शर्मा , २०३९, पृ. १२५) । तर उनले आधुनिकता र लेखनाथका बारेमा गरेको टिप्पणी (शर्मा, २०३९, पृ. ग-घ) अनुसार रूपमती आधुनिक उपन्यासमा पर्दैन । यस्तै रूपमती उपन्यासलाई आधुनिक होइन भनी लेख लेख्नेहरू पनि साझा प्रकाशनबाट आफ्नो कृति प्रकाशन गर्दा "रूपमतीले ल्याएको आधुनिकताको मिरमिरेमा भ्रमरको लालिमायुक्त सूर्यले उज्यालो किरण छरेको हो" (बराल र एटम, २०५६, पृ.८७) भनी वासुदेव त्रिपाठीको लबज शब्दान्तरले दोहोऱ्याउनाले पनि त्यसको थप पुष्टि हुन्छ ।

यस्तै ईश्वर बरालले पनि १९९१ पूर्वको समयमा नेपाली उपन्यासमा कुनै उल्लेखनीय काम हुन नसकेको, धेरै लामो समय (१९७१-९५) सम्म नेपाली उपन्यास वासना प्रधान वा पौराणिक उपाख्यानमा नै आधृत रहेको, पठितहरू पनि धेरैजसो बाहुन हुने र लेखकहरू पनि प्रायः उनै रहेका, उनीहरूमा शासकीय भयले गर्दा नेपाली जीवनको सम्मूर्तन वा नेपाली भावना, कामना, मर्म र व्यथा उद्घाटन गर्न सक्ने आत्मबल नै नरहेको, ती मूलतः स्तुतिजीवी भएकाले तिनबाट आशा गर्नु नै व्यर्थ हुने जनाएका छन् (बराल, २०३९, पृ.६)। तर लगत्तै अर्को अनुच्छेदमा १९९१ को आदर्शमूलक सामाजिक उपन्यास *रूपमती*बाट आधुनिक नेपाली उपन्यासको आविर्भाव भएको लेखेका छन् जुन ऐतिहासिक विकासक्रमका दृष्टिले र आधुनिकताको सैद्धान्तिक दृष्टिले पनि त्यति सुहाउँदो देखिन्न। साथै रूपमतीमा विश्वसनीय कथावस्तुविन्यास, स्वाभाविक चरित्रचित्रण जस्ता कुरा रहेको जनाएका छन् जुन औपन्यासिक तथ्यसँग मिल्दा देखिँदैनन् किनभने ईश्वरीय रहस्यपूर्ण कर्मको आडमा बुनिएको कथा र पूर्णध्रुवीकृत चरित्रचित्रण यथार्थवादी दृष्टिले हेर्दा कहिल्यै विश्वसनीय र स्वाभाविक हुँदैनन्।

यसपछि २०४० सालमा नेपाली उपन्यासपरम्पराको अध्ययनमै केन्द्रित प्रतापचन्द्र प्रधानले आफ्नो समालोचनात्मक कृतिमा कृष्णचन्द्रसिंह प्रधान र वासुदेव त्रिपाठीकै कुरा दोहोऱ्याएको पाइन्छ। उनको फरक भनाइ भनेको प्राथमिक कालीन हितोपदेश मित्रलाभ, हास्यकदम्ब र मुद्राराक्षस जस्ता कृतिमा आधुनिक उपन्यासको बीजरूप खोज्न सकिन्छ (प्रधान, २०४०, पृ.११६) भन्ने हो तर उपन्यासको आकार नै नपाएका कृतिमा आधुनिकताको बीज देख्नु अत्यन्त सतही र लहडी दृष्टि देखिन्छ। यसपछि नेपाली उपन्यासको परम्परामा अलि विस्तारपूर्वक कलम चलाउने राजेन्द्र सुवेदीको *नेपाली उपन्यासपरम्परा र प्रवृत्ति* देखिएको छ तर यसमा पूर्ववर्तीको भन्दा नयाँ कुरा केही भेटिँदैन। यसले पनि आदर्श र स्वच्छन्दतावादी फाँटका रूपमती र भ्रमरबाटै आधुनिक काल सुरु भएको मान्दछ (सुवेदी, २०५३, पृ.४६)। यस्तै खगेन्द्रप्रसाद लुइटेलले पनि *नेपाली उपन्यासको इतिहास* (२०६९) लेखेको पाइन्छ तर कालविभाजनका बारेमा यसमा पूर्ववर्तीको भन्दा नयाँ कुरा केही पाइँदैन। रूपमतीलाई नै यसले पनि आधुनिक मानेको छ। यसबाहेक रूपमतीलाई आधुनिक मान्नेहरूमा रत्नध्वज जोशी (२०३४, पृ.१०९), नरेन्द्र चापागाई (२०३८, पृ.९८), हीरामणि शर्मा पौड्याल (२०४१, पृ.१), घनश्याम कँडेल (२०४९, पृ.१३१), गार्गी शर्मा (२०५१, पृ.४०), घटराज भट्टराई (२०५४, पृ.१६८), किशन थापा (२०६० क, पृ.२६), खेम दहाल (२०६०, पृ.१३३), रोशन थापा (२०६० ख, पृ.१०१) आदि रहेका छन्। यीमध्ये सुमति र रूपमतीबाट आधुनिकता सुरु भएको ठान्नेमा रत्नध्वज जोशी र हीरामणि शर्मा छन् भने घटराज भट्टराईले रूपमती, सुमती र भ्रमरबाट भएको मानेका छन्। घनश्याम कँडेलले त रूपमतीलाई विधागत सचेतता साथ लेखिएको पहिलो आधुनिक र यथार्थवादी उपन्यास हो भन्ने किटान नै गरेका छन् (कँडेल, २०४०, पृ.१३१)। तर आधुनिक र यथार्थवादी लेखन कहिल्यै पनि परम्परित आदर्शवादी र पूर्णध्रुवीकृत स्वभावका चरित्रले भरिएको हुँदैन भन्ने कुराको हेक्का गरेका छैनन्।

यसरी नेपाली उपन्यासको इतिहासमा कालविभाजनसम्बन्धी पूर्ण इतिहास, खण्ड इतिहास र उपविधाकेन्द्री इतिहासहरूको अध्ययन गर्दा उपन्यास नै नजन्मेको समयलाई प्राथमिक काल मान्ने, भरखरै जन्मेर खासै गति लिन नसकेको वा साहित्यिक मूल्य आर्जन गरिनसकेको उपन्यासलाई माध्यमिक कालको मान्ने र त्यस लगत्तै भरखरै विधागत सचेतता साथ लेखिएका तर परम्परित आदर्शप्रति प्रतिबद्ध र पूर्णध्रुवीकृत वा अयथार्थ मध्यम वर्गीय चरित्र भएका उपन्यासलाई आधुनिक मान्ने जुन परिपाटी विकास भएको छ त्यो सैद्धान्तिक (ऐतिहासिक विकासको सिद्धान्त र साहित्यको आधुनिकताको सिद्धान्त) र व्यावहारिक दुवै दृष्टिले उचित देखिएको छैन। यो नै यस लेखको अध्ययनको रिक्तता (रिसर्च ग्याप)

हो । त्यसैलाई तथ्यसङ्गत ढङ्गमा पुनर्मूल्याङ्कन गरी नेपाली उपन्यासको उचित कालविभाजन यस अनुसन्धानमूलक लेखमा प्रस्तुत गरिएको छ । यसले नेपाली उपन्यासको परम्परित कालविभाजनको सीमा देखाई त्यस ज्ञानका क्षेत्रमा नव आयाम थप्ने भएको हुँदा यसको महत्त्व वा औचित्य रहेको छ ।

**शोधसमस्या र उद्देश्य**का कोणबाट हेर्दा साहित्येतिहासमा कालविभाजन निकै महत्त्वपूर्ण तत्त्व मानिन्छ । कालविभाजन साहित्येतिहासकारको एक किसिमको परिकल्पना भए पनि त्यो ऐतिहासिक तथ्य र तर्काश्रित हुनुपर्छ । त्यसले यसमा एकरूपता निर्माणमा सहयोग गर्छ तर नेपाली उपन्यासको इतिहासमा यो पक्ष त्यति दरिलो देखिन्न । त्यही भएर नेपाली उपन्यासको कालविभाजनमा अनेक समस्या देखिएका छन् । त्यसैले नेपाली उपन्यासको कालविभाजनमा किन के कस्ता समस्या जन्मेका छन् र त्यसको कसरी समाधान गर्न सकिन्छ ? भन्ने प्रश्न नै यसको शोधसमस्या हो भने नेपाली उपन्यासको कालविभाजनका समस्याहरूको कारणसहित निरूपण गर्दै त्यसको उचित समाधान पनि सङ्केत गर्नु यसको उद्देश्य हो ।

**शोधविधि र सीमाङ्कन**का दृष्टिले हेर्दा यस अध्ययनको सामग्रीको स्रोत पुस्तकालय हो । पुस्तकालय कार्यबाट यसमा प्राथमिक (उपन्यासहरू) र द्वितीयक (सिद्धान्त, विधि र पूर्वकार्यहरू) महत्त्वपूर्ण सामग्री स्वैच्छिक सर्वेक्षणद्वारा सङ्कलन गरिएको छ । त्यसपछि ज्ञानमीमांसा ( साहित्येतिहासको कालविभाजन र आधुनिकताको सिद्धान्त) का आधारमा समस्याहरूको तार्किक विश्लेषण गर्नाका साथै नेपाली साहित्येतिहासमा विभाजित प्राथमिक, माध्यमिक र आधुनिक कालबारे कतिपय अस्पष्टता (विशेषतः आधुनिक कालमा) देखिएकाले तिनको मापकका न्यूनतम अवधारणा पनि प्रस्तुत गरिएको छ। यस्तै मूल्यमीमांसाका रूपमा तथ्यसङ्गत परिकल्पनात्मक समाधान वा उपन्यासको नयाँ कालविभाजन पनि यसमा प्रस्तुत गरिएको छ । त्यसैले यसमा मूलतः गुणात्मक शोधविधिको उपयोग भएको छ ।

यस शोधको क्षेत्र नेपाली उपन्यासको परम्परा वा इतिहास हो । त्यसभित्रको कालविभाजन ( कालखण्डको नाम र समयनिर्धारण) का समस्याहरूको मात्र यसमा अध्ययन गर्ने, अरू पक्षहरूको नगर्ने भनी सीमाङ्कन गरिएको छ ।

## विषय–विस्तार

### साहित्येतिहासको कालविभाजन र आधुनिकताको सैद्धान्तिक सन्दर्भ

#### इतिहास र साहित्येतिहासको सम्बन्ध

इतिहासमा बितेको कालक्रममा घटित घटनाहरूको तथ्यपरक अन्वेषण र तिनको कार्यकारण सम्बन्धको निरूपण गरिन्छ। ऐतिहासिक घटनाशृङ्खलालाई तटस्थतापूर्वक परीक्षण गरी तिनको तार्किक व्याख्याद्वारा इतिहासलाई विज्ञानसम्मत विधा तुल्याउने काम भएको छ। यो विचारप्रधान विधा भएकाले यसमा अनुसन्धानबाट प्राप्त प्रामाणिक तथ्यहरूको प्रशोधन गरी विचारनिर्माण गरिन्छ जुन पूर्णतः बौद्धिक हुन्छ । त्यसैले "इतिहासलाई सामाजिकशास्त्रहरूको जननी" (श्रेष्ठ, २०६१, पृ.४) पनि भनिन्छ । साहित्यको इतिहास पनि इतिहासको त्यस चरित्रबाट प्रेरित नै रहेको पाइन्छ ।

साहित्येतिहास भाषिक कलासँग सम्बन्धित हुने भएको हुँदा यो कलाकै एक शाखाका रूपमा रहेको छ । यसका कतिपय आफ्नै विशिष्टता रहे पनि यसको निरूपण इतिहासकै आधारतत्त्वमा

आधारित भई गरिन्छ किनभने "इतिहासका आधारभूत मान्यता साहित्येतिहास लेखनकै लागि पनि लागू हुन्छन्" (पाण्डेय, २०७८, पृ.१५७) । त्यसैले यी दुईबिच नङ र मासुको जस्तो नजिकको सम्बन्ध हुन्छ ।

**साहित्येतिहासका कालविभाजनका प्रमुख तत्त्व**

साहित्येतिहासका अङ्गीभूत तत्त्वमा कालविभाजन, कार्यकारण सम्बन्ध, जीवनी, मूल्यनिर्णय, कल्पना र इतिहासवाद जस्ता कुरा पर्दछन् । तिनैको चर्चा यहाँ क्रमशः गरिएको छ ।

**कालविभाजन** साहित्येतिहास-लेखनको महत्त्वपूर्ण आधार हो तर यो अत्यन्त विवादास्पद देखिन्छ किनभने यो "अवधारणा आफैमा यादृच्छिक प्रवृत्तिको देखिन्छ" (श्रेष्ठ, २०६१, पृ.३१) । साथै यो अपरिवर्त्य पनि देखिन्न । यो ऐच्छिक, यादृच्छिक र व्यक्तिमूल्यमा आधारित हुने हुँदा एक समयमा निश्चित किसिमका ऐतिहासिक तथ्यमा आधारित भएर गरिएको कालविभाजनको प्रासङ्गिकता अर्को समयमा नहुन सक्छ । त्यस्तै तथ्यलाई हेर्ने (जस्तै- परम्परित आदर्शवादलाई आधुनिक मान्ने) दृष्टिकोणमा परिवर्तन आउँदा पनि कालविभाजन परिवर्तित हुन्छ । यसले गर्दा कालविभाजनको विवादको अन्त्य सजिलै नहुने देखिन्छ र पनि साहित्येतिहास लेख्दा कालविभाजनलाई नकार्न पनि सकिन्न किनभने यो इतिहासलेखनको अनिवार्य आधारतत्त्व हो । यसले कालचक्रमा उपन्यासको के कसरी विकास भएको छ भन्ने विश्लेषणको दरिलो आधार प्रदान गरिरहेको हुन्छ ।

कालविभाजनसँगै त्यसको **नामकरण, समयनिर्धारण र कालविभाजनका प्रतिमान**का कुराहरू पनि स्वतः आउँछन् किनभने यी कालविभाजनका तत्त्व मानिन्छन् (अधिकारी, २०६९, पृ.२७-४४) । त्यसैले विषयक र अन्तर्विषयक ऐतिहासिक साक्ष्यको पर्याप्त अनुशीलन गरेर तिनैका आधारमा तार्किकताका साथ साहित्येतिहासको कालविभाजन गरिन्छ ।

**कालविभाजनको नामकरणका बहु-आधार** छन् । विश्वसाहित्यको इतिहास-लेखनको परम्परा हेर्दा कालखण्डलाई कुनै एक आधारबाट मात्रै नभई अनेक आधार (जस्तै- शताब्दी, प्रसिद्ध शासक वा साहित्यकार, विशिष्ट राजनीतिक घटना, साहित्यिक मूल प्रवृत्ति, विशिष्ट सामाजिक अभिलक्षण आदि) बाट विभाजन गरिँदै आइएको देखिन्छ (अधिकारी, २०६९, पृ.५०-५३) । कालविभाजनका यस्ता अनेक आधार देखिए पनि साहित्यको कालविभाजन विशुद्ध रूपले साहित्यकै आधारमा गरिनुपर्छ (सिप्ले, सन् १९९३, पृ. २३५) । यसप्रति धेरैजसो साहित्यका इतिहासकारहरूको सम्मति नै देखिन्छ । अर्को कुरा कालविभाजन अनेक आधारमा नभई एकै (साहित्यिक प्रवृत्ति, विशिष्ट सामाजिक अभिलक्षण जस्ता कुनै एक) आधारमा मात्रै गरिनु राम्रो हुन्छ किनभने यसले कालविभाजनका नाममा एकरूपता कायम गर्छ ।

यसो भन्दाभन्दै पनि साहित्यका विविध विधा-उपविधामा एकै प्रवृत्ति वा भावधाराको प्रबलता नहुन पनि सक्ने हुँदा कालखण्डको नामकरण नै सोही आधारमा तोक्दा त्यस कालखण्डमा विकसित निश्चित विधा-उपविधाको मात्रै प्रतिनिधित्व हुने अवस्था देखिन्छ । त्यसैले इतिहासमा धेरैतिर चलाइएको त्रिकाल अनि तिनका लागि चलाइएका प्राथमिक, माध्यमिक र आधुनिक नाम अङ्गीकार गरेर ती कालखण्डभित्र विकसित मुख्य प्रवृत्ति वा भावधाराहरू प्रस्तुत गर्ने परिपाटी नै अरूभन्दा उपयुक्त मानिएको छ । हिन्दीमा रामचन्द्र शुक्लले पनि यसै गरेको पाइन्छ (शुक्ल, २००६, पृ.२५५) । नेपालीमा पनि यही शैली धेरैको अनुसरण गरेको भेटिन्छ ।

**समयनिर्धारण** कालविभाजनको अर्को महत्त्वपूर्ण तत्त्व हो । यो कृतिको ऐतिहासिक विशिष्टताकै आधारमा गरिन्छ । युगको विशेषता र कृतिको अन्तरङ्ग विषयसँग त्यसको सन्निकटताको विश्लेषण यसमा आवश्यक हुन्छ । सामान्यतया प्राथमिक, माध्यमिक र आधुनिक काललाई क्रमशः जीवनको बाल्य, किशोर र युवा कालसँग तुलना गर्न सकिन्छ अर्थात् प्राथमिक कालमा विधा-उपविधा जन्मे पनि विकासको गति प्रारम्भिक अवस्थामै रहन्छ । माध्यमिक कालमा विकासले गति लिन त थाल्छ तर परिपक्वता आइसक्दैन । आधुनिक कालमा विकासले परिपक्वता लिन थाल्छ । त्यसमा विज्ञानसम्मत धारणाले प्रसार पाउँदै जान्छ । अनि उसको यात्रा प्रौढतातिर निरन्तर बढ्छ र नयाँ-नयाँ स्वर र शिल्पको विकास हुँदै जान्छ । यिनै कुरालाई ख्याल गरी कालखण्डको समयनिर्धारण गर्नुपर्छ । त्यसैले कालविभाजन भनेको समय मात्रै नभई समयसँग विकसित प्रवृत्ति हो ।

**कालविभाजनका प्रतिमान**मा योजना, विधि र प्रस्तुति पर्दछन् । **योजना** भनेको मिश्रित ( होरिजेन्टल/पूर्ण इतिहास) र लम्ब (भर्टिकल/विधा-उपविधाको इतिहास) मध्ये कुनै एक प्रकारको छनोट गरी तदनुरूपको सामग्री प्रस्तुत गर्नु हो । दुवैमा युगीन परिवेश प्रस्तुत गरिन्छ तर मिश्रित प्रकारमा एकै युगीन परिवेशको चर्चाले सबै विधालाई काम गर्छ भने लम्ब प्रकारमा हरेक विधाको इतिहास चर्चा गर्दा युगीन परिवेश दोहोरिइरहन्छ । विश्वका धेरैजसो प्रसिद्ध साहित्येतिहासहरू मिश्रित रूपका वा पूर्ण इतिहास हुने र यस्तो इतिहासबाट सम्बन्धित भाषाका सबै साहित्यिक विधाको र बहुमुखी साहित्यकारको समग्रता बोध गर्न सकिने भएको हुँदा लम्बभन्दा मिश्रित रूपलाई बढी वैज्ञानिक मानेको पाइन्छ (श्रेष्ठ र अधिकारी, २०७७, पृ.४६-४७) । तर यसका पनि प्रशस्त सीमा छन् । (त्यसको चर्चा नेपाली उपन्यासको कालविभाजनका समस्या औंल्याउने क्रममा गरिएको छ ।)

विधि दुई किसिमका छन्- रैखिक र अरैखिक प्रतिरूप । कालविभाजनका लागि सामग्री-सङ्कलन, वर्गीकरण, विश्लेषण र निष्कर्षण जस्ता प्रक्रिया पूरा गर्न साहित्येतिहासकारमा कुशल अन्वेषक, पाठालोचक, इतिहासकार र समीक्षकको खुबी त हुनै पर्छ । त्यसपछि उसले कालखण्डका सर्जकका सिर्जनाहरूलाई वर्ष, महिना र गतेको समयक्रममा व्यवस्थित गरी विकासक्रमको अध्ययन गरेको छ भने त्यो रैखिक प्रतिरूप (लिनियर प्याटर्न) विधिको हुन्छ । समयक्रमको त्यो मसिनो तहमा नअल्झी सर्जकहरूलाई दशक वा शताब्दीको पूर्वार्द्ध र उत्तरार्द्धको समूहमा व्यवस्थित गरी विकासक्रमलाई विश्लेषण गरेको छ भने त्यो अरैखिक प्रतिरूप विधिको हुन्छ ।

प्रस्तुति तब गरिन्छ जब योजना, विधि र प्रक्रिया पूरा गरिन्छ । प्रस्तुति गर्दा कालविभाजनका लागि सङ्कलित सबै सामग्री नभई ऐतिहासिक महत्त्वका सामग्री मात्रै तथ्यको शुद्धतालाई राम्रोसँग ख्याल गरी कालक्रमका प्रस्तुत गरिन्छ । यस्तो प्रस्तुतिको प्रकृति वा स्तरअनुसार कालविभाजन आकृतिमूलक, विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक हुन्छन् । यीमध्ये पहिलोमा कृति र कृतिकारको तिथिमितिको विवरण मात्रै सङ्कलन गरिन्छ भने दोस्रोमा त्यस्ता तिथिमितिसँगै युगीन घटनाहरूको पनि केही सङ्केत गरिन्छ । त्यस्तै तेस्रोमा कालक्रमिक तथ्यहरूलाई केही विस्तारमा बयान गरिन्छ भने चौथोमा युगीन सन्दर्भ र साहित्य कृतिका बिचको कार्यकारण सम्बन्ध खोज्नुका साथै कृतिलाई सूक्ष्म ऐतिहासिक विश्लेषण गरी मूल्यनिर्णय पनि गरिन्छ । त्यसैले गुणात्मकताका दृष्टिले आकृतिमूलकभन्दा विवरणात्मक, विवरणात्मकभन्दा वर्णनात्मक र वर्णनात्मकभन्दा विश्लेषणात्मक इतिहास बढी महत्त्वको हुन्छ (श्रेष्ठ, २०६१, पृ.४५-४७) । नेपाली उपन्यासको इतिहासलेखनको अर्थ पनि उपन्यासको ऐतिहासिक विश्लेषणसहितको इतिहासलेखन भन्ने बुझ्नुपर्छ ।

**आधुनिकता**

**आधुनिकता** (Modernity) भनेको समय सीमा मात्रै नभई प्रवृत्ति हो । यसलाई कसैले वर्तमानको बोध र नवीनतमसँगको निकटताको अर्थमा (त्रिपाठी, २०२८, पृ.२४), कसैले परम्पराभन्दा भिन्न भई नयाँ परम्पराको थालनी गर्ने, नवीन र वर्तमान कालिक हुनाका साथै सदा समकालीन हुने स्वभावका अर्थमा (श्रेष्ठ २००६, पृ.२) र कसैले परम्पराको विरोध गर्दै नवीनता, युगीनता, तार्किकता र वैज्ञानिकतातर्फ अग्रसर धारणाका रूपमा (शर्मा, २०५५, पृ.१३), कसैले अलौकिक, ईश्वरकेन्द्रित र भाग्यवादलाई त्याग्दै लौकिक, मानवकेन्द्रित र मानव तर्कबुद्धिको क्षमता स्वीकारका अर्थमा (उप्रेती, २०६८) लिएको देखिन्छ । निश्चय नै आधुनिकता पुरानो अन्धपरम्पराप्रतिको विमति, अनास्था, अस्वीकृति, विच्छेद, विद्रोह र युगसापेक्ष वैज्ञानिक नवीन दृष्टिकोण हो ।

साहित्यमा आधुनिकताको थालनी गराउने महत्त्वपूर्ण घटना प्रथम विश्वयुद्ध (१९०४-१९१८) मानिन्छ । यसले निम्त्याएको ध्वंस र नरसंहारबाट परम्परित मूल्यमान्यता र सभ्यताको निरन्तरतामा गम्भीर प्रश्न चिन्ह उब्जियो । परम्परित लेखनले युद्धसन्त्रस्त देश र सामाजिक अस्तव्यस्तालाई अभिव्यक्त गर्न सकेन र जेम्स ज्वाइस, टी.एस.इलियट, एज्रा पाउन्डजस्ता आधुनिक युगचेतना भएका लेखकहरूले परम्परालाई भत्काउँदै नयाँ कथ्य र शैलीको निर्माण गरे । पछि-पछि आधुनिक साहित्यमा अन्तर्वस्तुभन्दा पनि शिल्पस्वायत्तता वा रूपले बढी महत्त्व पाउँदै गयो । बीसौं शताब्दीका साहित्यिक विधाहरूमा परम्परित लेखनभन्दा पनि भिन्न किसिमका प्रशस्त शिल्पप्रविधिको विकास भयो र तिनै "साहित्यिक विधाहरूमा भएका आमूल र अभिनव प्रविधिगत परिवर्तनहरू आधुनिकताका खास परिचायक" (शर्मा, २०५५, पृ.१२) बने । उपन्यासमा यस्तो परिचय प्रस्तुत गर्नेमा मार्सल प्रुस्त, फ्रान्ज काफ्का, जोसेफ कोनरड, जेम्स ज्वायस, डी.एच. लारेन्स, भर्जिनिया उल्फ, ई.एम.फोस्टर, अर्नेस्ट हेमिङ्वे, एफ.स्कट फिजराल्ड, विलियम फकनर, हेनरी जेम्स, थोमस म्यान, आन्द्रे पौल आदि रहे । यस्ता आत्मचेतना भएका नवप्रवर्तक साहित्यकारहरूले परम्परित (बीसौं शताब्दी पूर्वको) आदर्शवादी सौन्दर्यचेतना, औपचारिक शिल्पशैली, औपदेशिक प्रवृत्ति, औचित्यवादी धारणा, सुदूरअतीतर्फको यात्रा, यर्थाथबाट पलायन, अतिभावुकता र शास्त्रीय तथा स्वच्छन्दतावादी लेखन प्रविधिलाई नकारेका छन् र प्रतीकवादी, प्रभाववादी, उत्तरप्रभाववादी, अस्तित्ववादी, घनत्ववादी, अभिव्यञ्जनावादी, बिम्बवादी, भविष्यवादी, दादावादी, अतियथार्थवादी, रूपवादी, संरचनावादीजस्ता विविध आन्दोलनसँग सम्बद्ध भई चेतनप्रवाह, विरानोपन, अकविता, अकथा, अउपन्यास आदि युगानुकूलका नयाँ प्रविधिको विकास गरेका छन् (शर्मा, २०५५, पृ.१२-१३) । नयाँ दृष्टिकोणसहित रचनाविधानमा गरिएका यस्ता परिवर्तन कृतिमा साहित्यिकताको स्थापनाका निम्ति नै भएको बुझिन्छ (थप जानकारीका लागि पौडेल, २०६९ ग, पृ.१५-२१) ।

आधुनिकता चल्दो वर्तमानसँगको सापेक्षतामा राखेर हेरिने हुँदा आधुनिकतासम्बन्धी हिजोको व्याख्या भोलि त्यति नजच्न सक्छ । समय र व्यापक अर्थमा संस्कृतिसापेक्ष धारणाका कारण यो सधैं व्याख्या खोजिरहने अवधारणा हो । यसो हुँदा हुँदै पनि साहित्यका सन्दर्भमा आधुनिकता भन्ने बित्तिकै सजिलै बोध हुने केही अवधारणा पनि छन् । जस्तै-

**क. परम्परित रूढ बन्धनहरूको परित्याग** आधुनिकता हो । यसमा परम्परित आदर्श वा नैतिक मूल्यमान्यताको अस्वीकृति हुन्छ । अपरम्परित वा नयाँ देखिनु यसको स्वभाव हो । प्रचलनमा नआएका वा अरूले नबिटुल्याएका वा परम्पराले प्रतिबन्धित ठानेका विषयलाई नयाँ कलाले प्रस्तुत गर्ने काम यसमा गरिन्छ । परम्परित विवरणात्मकता र वर्णनात्मकताबाट यो अलगिन्छ । पश्चिमी शास्त्रीयतावाद

र स्वच्छन्दतावादको अस्वीकृति यसमा पाइन्छ किनभने तिनमा परम्परित आदर्श रहिरहेको हुन्छ । नयाँ-नयाँ विधि, सिद्धान्तको र दृष्टिकोणको खोजीमा यो लाग्छ । त्यसैले नवपरम्पराको थालनी र विकासमा यो केन्द्रित हुन्छ ।

ख. **वर्तमानप्रतिको तीव्र सचेतता र संवेदनशीलता** आधुनिकता हो । वर्तमानमा देखिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक, शैक्षिक, दार्शनिक, सांस्कृतिक, सामाजिक आदि परिवर्तित घटना वा युगीय परिवर्तनशील परिवेशप्रतिको तीव्र सचेतता र संवेदनशीलता यसमा रहन्छ । त्यही परिवेशबाट प्राप्त तथ्य नै आधुनिक साहित्यको विषय बनिरहेको हुन्छ । यो कोरा कल्पना वा भावुक रहस्यमयतामा अलमलिँदैन । अतीतमुखी दृष्टिकोण यसमा खासै रहँदैन । वर्तमानको तथ्यबाट भविष्यदृष्टि निर्माणमा यो लाग्छ । स्वतन्त्रता, समानता र भातृत्वको भावना वा मानवतावादी दृष्टिकोण यसमा रहन्छ ।

ग. **यथार्थवादी वैज्ञानिक दृष्टिकोणप्रतिको झुकाव** आधुनिकतामा रहन्छ । यो अध्यात्मवादका विपरीत भौतिकतावाद, ईश्वरवादका विपरीत निरीश्वरवाद, धर्मसापेक्षताका विपरीत धर्मनिरपेक्षताका पक्षमा रहन्छ । विज्ञानप्रतिको झुकावका कारण यसमा तथ्यपरक वा वस्तुवादी धारणा व्यक्त हुन्छ । विज्ञानसम्मत तार्किकतामा यो विश्वास गर्छ । आधुनिकताको थालनी र विकासमा विज्ञान निर्देशित औद्योगीकरण र नागर जीवनको विकासले ठुलो भूमिका खेलेको छ । आविष्कार र औद्योगिक क्रान्तिको प्रभावशाली युगले नै यसलाई जन्माएको हो । आधुनिकतावादी लेखनमा वैज्ञानिक, यान्त्रिक, भौतिक, र प्राविधिक विकासबाट प्रेरित शिल्पनिर्माण गरिएको पाइन्छ ।

**घ. युगानुकूल कथ्य र शिल्पको सन्धान** आधुनिकतावादी लेखनमा गरिएको हुन्छ । वर्तमानका असङ्गतिहरूबाट आक्रान्त जीवनसँग सम्बद्ध अस्तित्व तथा विसङ्गतिवादी कथ्यको प्रक्षेपण यस्ता रचनामा गरिन्छ । नवीन शिल्प सन्धानका क्रममा नयाँ-नयाँ विम्ब-प्रतीक र मिथकहरूको खोजी भाषाका यावत् सम्भावनाहरूको खोजी र विचलन युक्त प्रयुक्तिमा विशेष जोड दिइन्छ ।

**ङ. वैयक्तिक स्वतन्त्रता**लाई आधुनिकतामा बढी महत्त्व दिइएको हुन्छ । यस्तो लेखनमा वैयक्तिक चरित्रहरूको निर्माण बढी गरिन्छ । मान्छे जन्मतः स्वतन्त्र हुन्छ वा हुनुपर्छ भन्ने मान्यता यसको देखिन्छ । विभिन्न युरोपेली मुलुकमा उन्नाइसौँ शताब्दीको अन्त्यसम्ममा देखिएको जनजागरण, जनमत र जनतन्त्रसँगै स्थापित हुँदै आएको वैयक्तिक स्वतन्त्रताको चेतनाले यसलाई राम्रैसँग प्रभावित तुल्याएको पाइन्छ । यस्तो लेखनमा व्यक्तिभाषा, वैयक्तिक विम्ब-प्रतिविम्बहरूको प्रयोग पनि प्रशस्त भेटिन्छ । स्रष्टाको वैयक्तिकताको छाप यस्तो लेखनमा सघन रूपमै छाडिएको हुन्छ ।

**च. बौद्धिकता** आधुनिकताको अर्को महत्त्वपूर्ण परिचायक तत्त्व हो । यो विश्वमञ्चमा देखा परेका नित्से, डार्विन, मार्क्स, फ्रायड, हर्वर्ट स्पेन्सर, जिम्स फ्रेजर, सार्त्र सस्युर, अगस्त कोम्त आदि नवचिन्तकहरूको चिन्तनबाट प्रशस्त लाभान्वित देखिन्छ । अन्तर्राष्ट्रिय परिवेश (फ्रान्सेली राज्यक्रान्ति, प्रथम तथा द्वितीय विश्वयुद्ध त्यसपछिको शीतयुद्ध आदि), विश्वबोध, युगबोध, समाजबोध आदिका पृष्ठभूमिमा वा विश्वपरिवेशमा ज्ञान, विज्ञान र कलाका शाखा प्रशाखाहरूमा देखा परेका नव-नव प्रयोग र परिवर्तनकारी प्रेरणाका पृष्ठभूमिमा आधुनिकतावादी लेखन स्वायत्त किसिमले विकसित भइरहेको हुने हुँदा निश्चय नै यो बढी बौद्धिक देखिन्छ । कतिपय विधामा बौद्धिक सन्दर्भको अस्पष्ट साङ्केतिक विम्ब-प्रतीकात्मक अभिव्यक्ति रहने हुँदा पनि यो अझ बढी बौद्धिक बनिरहेको हुन्छ ।

**छ. स्वअस्तित्वको खोजी** आधुनिकतावादी लेखनको निकै महत्त्वपूर्ण पहिचान मानिन्छ । "म हुँ/छु तर म को हुँ" को बोध वा आत्मपरिचयको खोजीमा यस्तो लेखन निकै रिँगिरहेको हुन्छ । सोझो

भाषामा भन्दा अस्तित्ववादी चेतनासँग सम्बद्ध व्यक्तिस्वको खोजी आधुनिकतावादी लेखनमा रहन्छ । युगीय जटिल परिवेशले मान्छेको वैयक्तिक अस्तित्व सङ्कटमा परेको र ऊ झन्झन् आत्मपरिचयहीन अवस्थामा पुगेको परिस्थिति देखाउँदै यस्तो लेखनमा वैयक्तिक अस्तित्वको खोजी गरिएको हुन्छ ।

**ज. प्रयोगशीलता** यसको खास पहिचान नै हो । समाज र जीवनको नयाँ-नयाँ रहस्यको उद्घाटनसँगै नवकथ्य र नवशिल्प प्रयोगको खोजमै यो लाग्छ । कलात्मक भाषाका नवभङ्गिमा र कथनकलाका नव-आयाम खोज्ने क्रममा अनेक विचलनयुक्त प्रयुक्तिहरू यसमा आमन्त्रण गरिन्छन् । त्यसैले परम्परित पाठक यसको प्रयोगशीलतालाई धेरै नै जटिल देख्छ । यसक्रममा अझ महत्त्वको कुरा चेतनप्रवाह शैलीको यथेष्ट उपयोग हो । यसबाहेक परम्परित विधा संरचनामा प्रशस्त विचलन, परिवर्तन र विघटनको स्थितिसमेत सिर्जना गरिएको पाइन्छ । यसले अकथा, अउपन्यास, अकविताजस्ता स्थितिहरूको विकास पनि गर्दै लगेको देखिन्छ । यस्ता स्थितिका कारण यो विषयभन्दा शिल्पलाई बढी महत्त्व दिइने लेखन पनि मानिन्छ ।

**झ. एक्लो वा विरानोपनको भाव** पनि आधुनिकतावादी लेखनको अर्को महत्त्वपूर्ण अभिलक्षण हो । वैयक्तिक स्वतन्त्राताको चरम उपयोग गर्दै जाँदा उसमा व्यक्तिवादी प्रवृत्ति हाबी हुने र त्यसले मानिस समाजबाट अलगिएर एक्लो भई बाँच्नुपर्ने वा सहरिया यान्त्रिक जीवनशैलीले पनि मान्छेमा एक्लोपन वा विरानोपन घनीभूत हुँदै जाने स्थितिलाई यस्तो लेखनमा प्रस्तुत गरिन्छ । यसबाहेक प्रथम तथा द्वितीय विश्वयुद्धले निम्त्याएको ध्वंस, नरसंहार र त्यसपछिको शीतयुद्ध अनि फेरि शक्तिसन्तुलन खलबलिएको एक ध्रुव्रीय विश्वपरिस्थिति त्यस्तै शिक्षा, ज्ञान र चेतनाको विस्तारसँगै आकासिएको व्यक्ति महत्त्वाकाङ्क्षा र कुण्ठित मानसिकता आदिले पनि व्यक्तिमा एक्लो वा विरानोपनको भाव सघन बन्दै आएको हुन्छ । यस्ता अनेक स्थितिबाट मानिस मानिसहरूकै भीडमा एक्लो वा बिरानो बनेको, नचिनिने भएको, सम्बन्ध विच्छेदको अवस्थामा पुगेको देखाइन्छ (पौडेल, २०६९ ग, पृ.१५-२१) ।

यिनै विभिन्न आधार वा अभिलक्षणहरू र स्थानीय / राष्ट्रिय परिवेशको सान्दर्भिकताबाट आधुनिकता ठहर गर्न सकिन्छ ।

## नेपाली उपन्यासको कालविभाजनका समस्या

### नेपाली साहित्येतिहास लेखन र उपन्यासको कालविभाजनका समस्या

नेपाली साहित्यमा कालविभाजनको धारणा सर्वप्रथम २००० साल चैतको *शारदा* पत्रिकामा रत्नध्वज जोशीले "नेपाली भाषाको नूतन साहित्य चर्चा" नामक लेख प्रकाशन गरेर प्रस्तुत गरेका हुन् (अधिकारी, २०६९, पृ.७६) । कविताकेन्द्री उनको विभाजन तीनखण्डे (आदि, मध्य र आधुनिक काल) छ । त्यसपछि नेपाली साहित्येतिहास लेख्नेहरू धेरै नै देखिन्छन् (श्रेष्ठ र अधिकारी, २०७७, पृ.२०६-२१४) । तर तिनको लेखनमा कालखण्डको आयामगत विविधता पाइन्छ । कतिपयले सबै कालखण्डका सबै विधाहरूको चर्चा गरेका छन् (जस्तै- तारानाथ शर्माको *नेपाली साहित्यको इतिहास*) भने कतिपयले कुनै एउटा कालको मात्रै चर्चा गरेको पाइन्छ (जस्तै रत्नध्वज जोशीको *आधुनिक नेपाली साहित्यको झलक* वा शरद्चन्द्र शर्माको *नेपाली साहित्यको इतिहास माध्यमिक काल*) । यी क्रमशः पूर्ण र खण्ड साहित्येतिहास हुन् । त्यस्तै कतिपयले कुनै एक उपविधाको मात्रै इतिहास लेखेको पनि पाइन्छ (जस्तै- कृष्णचन्द्रसिंह प्रधानको *नेपाली उपन्यास र उपन्यासकार* वा प्रतापचन्द्र प्रधानको *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति*) । यसलाई उपविधाकेन्द्री इतिहास भन्न सकिन्छ । यस्तै कतिपयले कालविभाजनमा

बहुआधार (भानुभक्तपूर्व, भानुभक्त, मोतीराम, कान्तिपूर्व र कान्तिउत्तर युग) र सङ्ख्या पनि तीनभन्दा कम (पुरानो समय र नयाँ समय वा पूर्वआधुनिक र आधुनिक युग) र बढी (प्राथमिक, माध्यमिक, आधुनिक, प्रजातन्त्र र पञ्चायत काल) लिएका छन् । तर धेरैले तीनखण्डे प्राथमिक, माध्यमिक र आधुनिक काललाई नै सकारेका छन् । समयका बारेमा पनि धेरैले क्रमशः १८२७-१९४०, १९४१-१९७४/१९९०, १९७५/१९९१- आजसम्म मानेको पाइन्छ । माध्यमिक कालको अन्त्य केहीले 'सूक्तिसिन्धु'को प्रकाशनलाई मानेका छन् भने केहीले शारदा पत्रिका प्रकाशनपूर्वको समयलाई मानेका छन् । यस्ता साहित्येतिहास धेरैजसो पूर्ण साहित्येतिहासका रूपमा आएका छन् तर तिनले कविता विधाकै केन्द्रीयतामा अरूलाई राखेर हेरेका छन् । सैद्धान्तिक दृष्टिले हेर्दा पूर्ण साहित्येतिहास वा मिश्रित रूपाङ्कनको इतिहास राम्रो मानिए पनि व्यवहारमा हेर्दा यसका प्रशस्त सीमा देखिन्छन् । जस्तै-

क. कुनै पनि भाषाका साहित्यका सबै विधा र उपविधाहरूको एकै समयमा उत्पत्ति र विकास समान किसिमले हुँदैन र त्यसलाई मिश्रित रूपको इतिहासले तथ्यसङ्गत व्याख्या गर्न पनि सक्दैन । जस्तै- नेपाली कविता, उपन्यास, नाटक र निबन्धको थालनी र विकासको अवस्था ।

ख. अलग अलग विधा र उपविधाहरूको वा लम्ब रूपाङ्कनको इतिहासमा सम्बन्धित विधा-उपविधाको जति वस्तुगत र सघन विश्लेषण सम्भव हुन्छ मिश्रित रूपमा त्यस्तो नहुने बढी सम्भावना हुन्छ ।

ग. मिश्रित रूपको साहित्येतिहासमा कुनै एउटा बढी विकसित विधा विशेषको छायामा अरू विधाहरू परिरहेका हुन्छन् (जस्तै- नेपाली साहित्येतिहासमा कविताको वर्चस्व) र यस्तो इतिहास असन्तुलित, एकाङ्गी र कम वस्तुपरक बन्ने सम्भावना प्रबल हुन्छ ।

घ. अखण्ड काललाई बढीभन्दा बढी सूक्ष्म वस्तुपरकताका साथ बोध गर्न सजिलो होओस् भनेर नै इतिहासलाई कालखण्डमा विभाजित गरिन्छ भने त्यसको अधिकतम अभिव्यक्ति मिश्रित रूपको साहित्यको कालखण्डमा नभई लम्ब रूप वा साहित्यका विधा विशेषको कालखण्डमा प्राप्त गर्न सकिन्छ । यस तथ्यको बोध गर्न नसक्दा पनि नेपाली साहित्येतिहासमा नेपाली उपन्यासको इतिहास धेरै नै असङ्गतिलो बनेर प्रकट भएको छ ।

यी कुराहरूको थप स्पष्टीकरणका लागि विभाजित कालखण्डहरूका बारेमा क्रमशः चर्चा गरिन्छ-

**प्राथमिक काल** (१८२७-१९४०) मा खास थालनी र विकास भएको साहित्य भनेकै कविता हो । सुवानन्ददासको "पृथ्वीनारायण" (१८२६/२७-३१ तिर) कविताबाट थालनी भएको यस कालमा पछि वीर र भक्तिधाराका कविता देखिएका छन् जुन तत्कालीन राज्यविस्तार र सुगौली सन्धिको ऐतिहासिक चापबाट प्रेरित मानिन्छन् । तिनलाई राष्ट्र, वीर र ईश्वर वन्दनाका या स्तुतिका कविताका रूपमा पनि लिन सकिन्छ । यो प्रवाह सोमनाथका *चन्द्रचरित* (अपूर्ण) र *आदर्श राघव* (२००५) सम्म पनि देख्न सकिन्छ ।

साहित्यका अन्य विधा-उपविधाहरूको भने यस कालखण्डमा मौलिक लेखनका साथ स्पष्ट थालनी भएको पाइन्न । संस्कृत र केही अरू स्रोतका अनूदित गद्याख्यान पाइए पनि तिनमा कथा वा उपन्यासको स्पष्ट आकृति पाइन्न । अनूदित संस्कृत भाषाका नाटक *हास्य कदम्ब* (१९५५ तिर) र *मुद्राराक्षस* (१८९२ अगावै) अनुवाद गर्दा तिनमा नाटकीयता हटाई आख्यानात्मकता भरिएको छ । त्यसैले नाटकलेखनका दृष्टिले झन् यो कालखण्ड "निष्पट्ट अँध्यारो नै देखिन्छ" (श्रेष्ठ र शर्मा, २०४०, पृ १५२) । *दिव्योपदेश* (१८३१ तिर), *जङ्गबहादुरको बेलायत यात्रा* (१९१०) जस्ता मौलिक केही कृतिले निबन्धको गद्य शैली विकासमा टेवा पुऱ्याए पनि निबन्ध नै भन्न सुहाउने कुनै रचना उपलब्ध छैनन् ।

हालसम्मको शोधखोजअनुसार १९४५ पूर्वको नेपाली गद्याख्यानमा उपन्यासको स्पष्ट आकृति कतै पनि देखिन्न भन्ने कुरा धेरैजसो यसका इतिहास निरूपकहरूले मानेको पाइन्छ (हेर्नु अगाडिको अध्ययनको रिक्तता शीर्षक) । गढेर हेर्दा त्यतिखेर मूलतः संस्कृत र अंशतः संस्कृतेतर भाषाहरू (हिन्दी, उर्दु, फारसी, अङ्ग्रेजी आदि) का विभिन्न स्रोतबाट नेपाली गद्य भाषामा अनुवाद गर्ने परिपाटी रहेको थियो । त्यतिखेर भारतको विशेषतः काशीमा गएर मुख्य रूपमा संस्कृत र अंशतः हिन्दी, अङ्ग्रेजी र उर्दु भाषामा शिक्षा लिने प्रचलन र त्यहाँको वाङ्मयिक प्रभावले पनि यस्तो अवस्था बनेको थियो । यस्ता धेरैजसो अनुवादको लक्ष्य भनेको भावकमा धार्मिक भावनाको विकास र विस्तार गर्नु हो । यसका निम्ति सनातन हिन्दु धर्मावलम्बीहरूका संस्कृत भाषाका 'रामायण', 'महाभारत', पुराण, व्रतमाहात्म्यजस्ता कृतिहरूमा आधारित रही प्रशस्त अनूदित गद्य कृतिहरू निर्माण गरिएको छ । हिन्दु धार्मिक नैतिक अवधारणालाई परिपोषण गर्ने उद्देश्यले नै 'हितोपदेश', 'पन्चतन्त्र', 'नीतिशास्त्र' जस्ता प्रशस्त नीति शिक्षामूलक सामग्रीहरू पनि अनुवाद गरिएको छ । त्यस्तै क्रिस्चियन धर्मावलम्बीको आधारग्रन्थ 'बाइबल'को अनुवाद पनि रहेको छ । तर यस्ता कुनै पनि अनूदित कृतिको साइनो नेपाली उपन्याससँग भने देखिन्न । बरु साइनो नै खोज्ने हो भने तत्कालीन फरक फरक स्रोतबाट अनुवाद गरिएका केही मात्रामा कुतूहलता र मनोरञ्जक तत्त्व पनि रहेका 'दशकुमार-चरित्र', 'बहत्र वा बहत्तरी सुघाको कथा', 'लालहिराको कथा', 'मधुमालतीको कथा', 'हितोपदेशको कथा', 'पच्चीस बेतालको कथा', वीरशिखाको कथा' जस्ता रम्याख्यानसँग उपन्यासको प्रवृत्तिगत केही निकटता भेट्न सकिन्छ तर यत्तिले ती नेपाली उपन्यास भन्न सकिने रचनामा दरिन्नन् । त्यसैले अहिलेसम्मको खोजअनुसार १९४५ पूर्व नेपाली उपन्यास जन्मेको देखिँदैन । त्यतिखेरका गद्याख्यानले कथात्मक गद्य भाषा निर्माणमा केही सहयोग गरे पनि उपन्यास लेखनका दृष्टिले त्यो समय शून्यकाल जस्तै रह्यो । तर तिनै गद्याख्यानहरूको चर्चा गरेर १८२७ देखि १९४५ सम्मको समयलाई नेपाली उपन्यासको प्राथमिक काल मान्ने प्रचलन चलाइएको छ (भट्टराई, २०३७, पृ.१२२, प्रधान, २०४०, पृ. ११४, श्रेष्ठ र शर्मा, २०४०, पृ.१११-१८, बराल र एटम, २०५६, पृ.७३ अनि लुइटेल, २०६९, पृ.६९-७१) । यस्तो धारणा निर्माणमा तत्कालीन औपन्यासिक तथ्यभन्दा पनि समग्र नेपाली साहित्यको कालविभाजन र त्यसमध्ये पनि कविताको कालविभाजनसँग उपन्यासलाई पनि सन्निकट तुल्याउने सोचले काम गरेको देखिन्छ तर एकै भाषाका सबै विधा र उपविधाहरू लगभग समान समयमा थालनी भई समान किसिमले विकसित हुन्छन् भन्ने छैन । नेपाली कविताको प्राथमिक काल र सो समयका कथा, उपन्यास, निबन्ध, नाटक र एकाङ्कीलाई हेर्दा पनि त्यो कुरा छर्लङ्ग हुन्छ । नेपाली उपन्यासको मात्रै इतिहास नियाल्दा पनि फरक वस्तुगत आधार देखिएको छ र त्यसले कविताको इतिहाससँग सन्निकटता राख्दै राख्दैन । विश्वसाहित्यमा पनि यिनीहरू (कविता र उपन्यास) को उत्पत्तिक्रम प्राचीन र नवीन रचनाका रूपमा रहेको छ । त्यसको प्रभाव नेपाली साहित्यमा देखिनु पटक्कै अस्वाभाविक होइन ।

यस कालखण्डमा एकातिर विभिन्न भावधाराका कविताका लघुदेखि बृहत् रूप (उदयानन्द अर्यालको *पृथ्वीन्द्रोदय* १८७० तिरको) सम्म देखिएका छन् भने अर्कातिर नाटक, आख्यान र निबन्धको स्पष्ट आकृति नै देखिएका छैनन् । त्यसैले जन्मँदै नजन्मेकालाई प्राथमिक कालको रचना मानेर उपन्यासको कालविभाजन जुन भएको छ त्यो समस्या बनेको छ ।

त्यस्तै अर्को समस्या के पनि देखिन्छ भने ऐतिहासिक भाषाविज्ञानअनुसार नव्य भारतीय आर्यभाषा (हिन्दी, नेपाली, बङ्गाली आदि) हरू लगभग एकै समयमा उत्पत्ति भएका हुन् । तर हिन्दी भाषामा १०५० सालकै कवितामूलक वीरगाथा भेटिए पनि नेपालीमा १८२६ तिरको मात्रै पाइनाले हाम्रा

ऐतिहासिक साहित्यिक सामग्रीको पर्याप्त खोजअन्वेषण हुन नसकेको सङ्केत गरेको छ । प्राचीन गद्याख्यानको पनि जेजति खोज हुनुपर्ने हो त्यो नभएको हो कि भन्ने प्रश्न जीवितै छ । यस कालका यस्ता समस्यासमाधान नभएसम्म त्यसको असर परवर्ती कालमा पनि पर्ने देखिन्छ ।

**माध्यमिक काल**को समयनिर्धारण पनि कविता प्रकाशनकै आधारमा गरिएको छ किनभने मोतीराम भट्टले भानुभक्तको रामायणको *बालकाण्ड* (१९४१) मा बनारसबाट छपाएका थिए । त्यस्तै यसको अन्तिम समयसीमा १९७४ मान्नेले 'सूक्तिसिन्धु" को प्रकाशन साललाई आधार मानेको देखिन्छ । *सूक्तिसिन्धु*को प्रकाशनपछि शृङ्गार भावका नाममा अश्लीलता फैलाएको भनी राणाशासनले यस कृतिलाई प्रतिबन्ध लगायो । त्यसपछि शृङ्गारभिन्न धारामा वा प्रकृतिकेन्द्री विषयमा आधारित भई लेखिएका लेखनाथ पौडेलको *ऋतुविचार* खण्डकाव्यबाट आधुनिकता सुरु भएको भन्ने एकथरी मत छ तर लेखनाथको ऋतुविचारको *वर्षाविचार* माधवी (६,७ र ८ गुच्छक) पत्रिकामा १९६५-६६ सालमा नै प्रकाशित भइसकेको थियो भने पूरै *ऋतुविचार* १९७३ मा प्रकाशित भएको थियो । पछि १९९१ मा त्यसलाई थप संशोधन र परिमार्जन गरेर प्रकाशन गरेको पाइन्छ । १९९१ मै शारदा पत्रिका र रूपमती उपन्यास पनि प्रकाशित भएका छन् । यही पृष्ठभूमिमा माध्यमिक कालको समयसीमा १९४१-१९९० ( महाभूकम्पको साल) सम्म तन्काइएको छ तर यो तन्काइले पनि सबै साहित्यिक विधा-उपविधाहरूलाई समेट्न सकेको देखिन्न किनभने प्राथमिक कालमा स्पष्ट आकार नपाएका विधा-उपविधाहरू १९४० देखि १९९० सम्मको समयमै जन्मेहुर्केर माध्यमिक तहमा पुगिसके भन्ने प्रश्न जन्मिरहन्छ । त्यस्तो हुन सो समय गद्यलेखनका लागि बढी उर्वर र पद्यलेखनका लागि प्रतिकूल थियो भन्ने निष्कर्ष निस्कनुपर्छ तर प्रकाशनयुगका पत्रपत्रिकाहरू फुट्कर प्रकृतिका सबै उपविधाहरूका लागि अनुकूल नै हुन्छन् । उपन्यासको प्रकाशनका लागि पनि उपन्यास तरङ्गिणी पत्रिका प्रकाशित भएको पाइन्छ र पनि १९९० पछि नेपाली उपन्यासले आधुनिक स्वरूप ग्रहण गरिसकेको भने देखिन्न तर रुद्रराज पाण्डेको १९९१ सालमा प्रकाशित *रूपमती* उपन्यासलाई आधुनिक उपन्यास मानेर चर्चा गर्ने परिपाटी रहँदै आएको छ । यसले गर्दा साहित्यमा आधुनिकता भनेको के हो भन्ने थप समस्या जन्मेको छ ।

**आधुनिक काल**लाई समयसापेक्ष अवधारणा पनि मानिन्छ । यसरी हेर्दा सगुण भक्तिधाराका सापेक्षतामा निर्गुण भक्तिधारा, वा *वीरसिक्का*को सापेक्षतामा *वीरचरित्र, वीरचरित्र*का सापेक्षतामा *रूपमती, रूपमती*का सापेक्षतामा *मुलुकबाहिर, मुलुकबाहिर*का सापेक्षतामा *स्वास्नीमान्छे* र *को अछुत ?* (स्वरका दृष्टिले मात्रै), *स्वास्नीमान्छे* र *को अछुत ?* का सापेक्षतामा *पल्लो घरको झ्याल, पल्लो घरको झ्याल*को सापेक्षतामा *अनुराधा, अनुराधाका* सापेक्षतामा *आज रमिता छ* जस्ता उपन्यास कृति आधुनिक हुन् तर वर्तमानमा नेपाली साहित्यको कालविभाजनमा यो प्रश्न धेरै नै विवादास्पद बनाएर प्रयोग गरिँदै आइएको छ ।

आधुनिकताको अवधारणा पश्चिमबाट आएको हो तर नेपाली साहित्य नेपाली समाजकै उत्पादन भएको हुँदा यसमा पश्चिमा सबै आधुनिक अभिलक्षण देखापरेका कृतिमात्रै आधुनिक मान्नु भनेको एक किसिमको दुराग्रही दृष्टिकोण राख्नु हो किनभने कुनै पनि कलाका नवीन विचार वा शिल्प एक ठाउँबाट अर्को ठाउँमा सर्दा त्यसको मूल स्वरूपलाई विकृत नबनाई तद्देशीय संस्कृति अनुरूप अनुकूलन गर्दै लगिन्छ । अनुकूलनबाटै त्यसमा मौलिकता पनि विकास भइरहेको हुन्छ । समाजविज्ञानका कतिपय कुरा प्राकृत विज्ञानमा जस्तो दुरुस्तै सर्दैनन् । त्यही भएर भनिएको पनि छ- "पश्चिममा जेलाई आधुनिकता मानिन्छ ठिक त्यस्तै अभिलक्षण खोज्ने हो भने नेपाली साहित्यमा आधुनिकता भेट्टाउन वि.सं. २०१७ पछिको साहित्य लेखनमा पुग्नुपदर्छ" (श्रेष्ठ र अधिकारी, २०७७, पृ. २२०) ।

त्यसैले हाम्रा सन्दर्भमा आधुनिकताका न्यूनतम अभिलक्षण अगाडि आएको सैद्धान्तिक चर्चाका क. देखि च. सम्मका बुँदा (जस्तै- क. परम्परित रूढ बन्धनहरूको परित्याग, ख. वर्तमानप्रतिको तीव्र सचेतता र संवेदनशीलता, ग. यथार्थवादी वैज्ञानिक दृष्टिकोणप्रतिको झुकाव, घ. युगानुकूल कथ्य र शिल्पको सन्धान, ङ. वैयक्तिक स्वतन्त्रता र च. बौद्धिकता) मान्न सकिन्छ । आधुनिकताको विकासका क्रममा त्यसमा थप अन्य बुँदाहरू (छ. स्वअस्तित्वको खोजी (पल्लो घरको झ्याल र अनुराधामा), ज. प्रयोगशीलता (आज रमिता छमा), झ. एक्लो वा विरानोपनको भाव (अनुराधा र आज रमिता छमा) का विशेषताहरू पनि थपिँदै जान्छन् ।

माथिका नेपाली सन्दर्भका आधुनिकताका न्यूनतम मापकलाई हेर्दा शास्त्रीयतावादी, वेदान्तवादी लेखनाथलाई आधुनिक कविका रूपमा उभ्याउन गाह्रो पर्ने स्वरगत कारण स्पष्ट देखिएको छ । त्यसैले समयक्रममा लेखनाथलाई आधुनिक मान्ने धारणा त पूरैजसो भत्किँदै गएको छ तर अर्का प्रथम आधुनिक कवि को हुन् भन्ने नयाँ धारणा भने अझै स्थिर भइसकेको देखिँदैन । कृति विशेष (मुनामदन, यात्री, भिखारी, साँढे, पागल ...) मा लक्ष्मीप्रसाद देवकोटा वा समग्रतामा कवि गोपालप्रसाद रिमाल वा कवि मोहन कोइराला जस्ता विकल्प कायमै छन् । नेपाली साहित्येतिहासका लागि यो थप चुनौती वा समस्या बने जस्तै नेपाली उपन्यासको आधुनिक कालका बारेमा पनि समस्या उत्पन्न भएको छ । त्यो के भने धेरैले रूपमतीलाई पहिलो आधुनिक उपन्यास भने पनि माथि प्रस्तुत आधुनिकताका न्यूनतम अभिलक्षण सहजै भेटिँदैनन् । तीमध्ये क. र ग. त जति घोरिएर खोज्दा पनि पाइँदैनन् । त्यही भएर केहीले रूपमतीलाई आधुनिक उपन्यास होइन भनी लामै लेख पनि लेखेका त छन् (बराल, २०५५, पृ.१७४-७९) । तर त्यो नभएपछि कुन हो त भन्ने बारेमा केही बोलेका छैनन् ।

त्यसैले नेपाली उपन्यासको इतिहास देखाउँदा १८२७ देखि १९४५ सम्मको अवधिलाई प्राथमिक काल, १९४६ देखि १९९० सम्मको अवधिलाई माध्यमिक काल र १९९१ देखि आजसम्मको अवधिलाई आधुनिक काल मान्ने जुन परम्परा छ त्यसप्रति यस पङ्क्तिकारको स्पष्ट विमति छ । विमतिको एउटा आधार नेपाली उपन्यास नै नजन्मेको समयलाई त्यसको प्राथमिक काल मान्न हुन्न भन्ने हो भने दोस्रो आधार भरखरै जन्मेर विकासको प्रारम्भिक चरण पार गरिनसकेका वा विधाचेतनासहित साहित्यिक मूल्य आर्जन गरिनसकेका उपन्यासलाई माध्यमिक कालका मान्न हुन्न भन्ने हो । त्यस्तै तेस्रो आधार परम्परित आदर्शवादी लेखन जसमा पूर्णध्रुवीकृत चरित्रहरूको प्रयोग, घोर अन्धविश्वासी र नारीद्वेषी दृष्टिकोण पनि छ (यसबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् पौडेल, २०५५, पृ.१४९-१५६, पौडेल, २०६८, पृ.२४-४४, पौडेल, २०६९ क, १५०-१५५) भने त्यस्ता उपन्यासलाई आधुनिक मानिन्न भन्ने हो ।

सामान्यतया प्राथमिक र माध्यमिक कालीन लेखनको विचारको मेरुदण्ड परम्परित ईश्वरीय आस्था र विश्वाससँग जोडिएको हुन्छ । ती सामन्तीय मूल्यचेतनामा आधारित हुन्छन् । तिनको खास चासो इहलोकभन्दा परलोक हुन्छ । तर प्राथमिकमा भन्दा माध्यमिकमा तिनको मात्रा घट्दै गएको हुन्छ किनभने शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात जस्ता चेतना विस्तारका सुविधा प्राथमिकमा भन्दा माध्यमिक कालमा बढ्दै गएका हुन्छन् । त्यसले सामाजिक आर्थिक ढाँचालाई स्थिरताबाट चलायमान बनाउन सहयोग गर्छ अनि शैक्षिक (तीनधारा पाठशाला, दरबार हाइस्कुल, त्रिभुवन चन्द्र कलेजहरूको स्थापना, लाइब्रेरी पर्व आदि), राजनीतिक (३८ साल पर्व, ४२ साल पर्व, देव शमशेरको पतन, सूक्तिसिन्धु पर्व, मकै पर्व, सहिद काण्ड आदि), सामाजिक सांस्कृतिक (सती र दासप्रथाको अन्त्य), साहित्यिक ( मोती मण्डली, रसिक समाज, जोग मण्डली आदि), भाषिक (हलन्त बहिष्कार) जस्ता अनेक गतिविधि

र आन्दोलनहरू हुन थाल्छन् (थप जानकारीका लागि पौडेल, २०६९ ख, पृ.५३-५६, ६२-६३ र श्रेष्ठ र अधिकारी, २०७७, पृ.१२५-१६२) । यस्ता कुराको प्रभाव तत्कालीन साहित्यलेखनमा पनि परिरहेको हुन्छ र त्यसले अघिल्लो कालबाट यसलाई छुट्याउने काम पनि गर्छ । यही प्रक्रिया माध्यमिक कालबाट र आधुनिक कालमा झन् बढ्दै जान्छ र माध्यमिक (विशेषतः उत्तरमाध्यमिक) कालमा पातलिँदै गएका ईश्वरीय आस्था, सामन्तीय मूल्यचेतना, नीतिशिक्षा उपदेश जस्ता कुराहरूको अवशेष आधुनिक कालमा रहँदैनन्, (रहिहाले भने पनि कृतिको मूल प्रवाहलाई खासै प्रभाव नपार्ने नगण्य हुने) । तिनका सट्टा आफ्नो धरातलीय सामाजिक यथार्थता, समस्याग्रत निम्नवर्गीय समाज, वस्तुवादी यथार्थवादी दृष्टिकोण, विज्ञानसम्मत अवधारणा, श्वेतश्याम विशेषता भएका वा मानवीय दुर्बलतासहितका चरित्र, नवनिर्मित शिल्पजस्ता कुरा आधुनिक उपन्यासमा आउनुपर्छ ।

**कालविभाजनका प्रमुख समस्याहरू**

नेपाली साहित्येतिहासमा देखिएका कालविभाजनका समस्या उपन्यासका पनि समस्या बनेका छन् । त्यसैले प्राचीन गद्याख्यानका सामग्रीहरूको पर्याप्त खोजअन्वेषण नहुनु, पूर्ण इतिहासलेखनका नाममा कविताकेन्द्री इतिहास लेखेर धेरैपछि जन्मेको उपन्यासलाई पनि सोही कालखण्डमा राखेर हेर्नु, उपन्यासको उत्पत्ति र विकासको वस्तुगत अवस्थालाई महत्त्व नदिनु, प्राथमिक, माध्यमिक र आधुनिकता निर्धारण गर्ने आधारमा स्पष्टता नहुनु, स्पष्टता रहे पनि तिनमा मतैक्य कायम हुन नसक्नु, नेपाली उपन्यासको अन्तरङ्ग पक्षको गहन अनुशीलनबिना नै हचुवाका भरमा कालनिर्धारण गरिदिनु, कालखण्ड र त्यसको समयनिर्धारण एक किसिमको परिकल्पना भए पनि ऐतिहासिक तथ्य र तर्कलाई पूरै बेवास्ता गर्नु, सबै उपविधाहरूको अवस्था मूल्याङ्कन नगरी पूर्ण साहित्येतिहासमा कालनिर्धारण गर्नु, सबै उपविधाहरूको मापक समान नदेखिनु जस्ता अनेक समस्या उपन्यासको कालविभाजनमा देखिएका छन् । यस्ता समस्याहरूलाई न्यूनीकरण गर्न पहिला सबै उपविधाहरूको ऐतिहासिक पद्धतिबाट गहन अध्ययन गरिसकेपछि ती सबैलाई समेट्ने किसिमले कालविभाजन गर्नु उचित देखिन्छ । हालसम्म व्यक्ति प्रयत्नबाट लेखिएका विवरणात्मक र वर्णनात्मक ढाँचाका पूर्ण इतिहास र निश्चित विधा-उपविधाकेन्द्री अनि एउटा कालखण्डकेन्द्री सीमित खण्ड इतिहासमात्रै विश्लेषणात्मक ढाँचाका देखिएका छन् । अर्थात् साहित्येतिहासको अध्ययन नै व्यावहारिक दृष्टिले परिपक्व भइनसकेको हुँदा पनि कालविभाजनका समस्या घट्नुका सट्टा बढिरहेका छन् । त्यसको असर नेपाली उपन्यासको कालविभाजनमा पनि परिरहेको छ । यसलाई न्यूनीकरण गर्न यहाँ हुनुपर्ने नेपाली उपन्यासको कालविभाजन तल क्रमशः प्रस्तुत गरिएको छ ।

**नेपाली उपन्यासको यथार्थ कालविभाजन**

१८२७ देखि १९४५ सम्म नेपाली उपन्यास नजन्मेको हुँदा त्यस समयलाई पृष्ठभूमि र पूर्वाधार मानी १९४६-१९९० को समयलाई नेपाली उपन्यासको प्रारम्भिक काल शीर्षकअन्तर्गत राखी चर्चा गर्ने काम यसपूर्व नेपाली उपन्यासका वरिष्ठ समीक्षक कृष्णचन्द्रसिंह प्रधानले गरेको देखिन्छ (प्रधान, २०५२, पृ.४०-५१) । वस्तुतः १९४५ सम्म नेपाली भाषामा अनूदित गद्याख्यान लेख्ने परिपाटी मात्रै रहेको छ । 'नेपाली बाइबल' बाहेक अरूको अनुवादको स्रोत संस्कृत वाङ्मय मात्र रहेको छ । उपन्यासका सन्दर्भमा त्यो "कथात्मक पूर्वाधार तयार पार्ने दृष्टिले मात्र" (प्रधान, २०५२, पृ.२१) उल्लेख्य मानिन्छ । त्यतिखेरको लेखन अंशतः आख्यान विधाको निकट रहे पनि पूरै निकट छैन किनभने त्यतिखेर मौलिक गद्याख्यान

खासै पाइएको छैन । जेजति पाइएको छ त्यो पनि साहित्येतर धार्मिक, परम्परित नैतिक र अंशतः मनोरञ्जक प्रयोजनका लागि लेखिएको देखिन्छ । त्यो साहित्य विधा चेतनाशून्य गद्यलेखनको प्रारम्भिक रूप मात्रै बनेको छ । त्यसैले त्यसमा कथा र उपन्यासको विभेद छुट्टिने कुरै भएन । यो भनेको लिङ्ग पनि नछुट्टिएको गर्भको भ्रूणलाई जीवनको प्राथमिक काल भने जस्तो हो तर बुझ्नु पर्ने यथार्थ के हो भने हामीकहाँ जन्मिसकेपछि मात्रै उसको जीवनकाललाई अध्ययनसुविधाका निम्ति विभिन्न कालखण्डमा विभाजित गरिन्छ । त्यसैले नेपाली उपन्यासको प्राथमिक कालको समय सुरु वा १८२७ देखि १९९० सम्म मान्नुपर्छ ।

अर्को कुरा १९४२ सालमा 'स्वस्थानी व्रतकथा' प्रकाशन भएको हुँदा यसैलाई पहिलो प्रकाशित गद्याख्यान ठानी सोही समयबाट नेपाली गद्याख्यानमा माध्यमिक काल आरम्भ भएको पनि मानिएको छ (भट्टराई, २०५०, पृ.७६ र ७९) । प्रकाशनका दृष्टिले हेर्दा १८७८ सालमै 'धर्म पुस्तक' का नाममा कलकत्ताबाट 'बाइबल' प्रकाशित भएको थियो । त्यस्तै १८८४ मा 'सेरामपुरको बाइबल' पनि छापियो । यी दुबै अङ्ग्रेजी स्रोतका नेपाली अनुवाद थिए तर तिनले सनातन हिन्दु बहुल नेपाली समाजमा त्यति प्रभाव पार्न सकेनन् । त्यस्तै नेपालभित्रैबाट छापिएका १९३० अघिका ऐनका ठेलीहरू पनि यहाँ सान्दर्भिक रहेनन् । साहित्यिक महत्त्वको प्रथम प्रकाशित कृति १९४१ सालको 'भानुभक्तको रामायणको बालकाण्ड' हो तर त्यो पद्याख्यान हो । गद्याख्यानका दृष्टिले १९४२ मा प्रकाशित 'स्वस्थानी व्रतकथा' को महत्त्व छ । यसको विषय मौलिक नरहे पनि प्रस्तुतीकरणमा केही मौलिकता रहेको मानिन्छ । नेपाली समाजमा पनि यसको राम्रै प्रभाव रहेको छ । यसो हुँदा यसलाई नेपाली गद्याख्यानका सन्दर्भमा माध्यमिक कालको आरम्भ गर्ने श्रेय दिइए पनि उपन्यासको मात्रै विकासक्रम हेर्दा भने धार्मिक प्रयोजनको त्यो कृति त्यति महत्त्वको देखिन्न । बरु त्यस्तो धार्मिक, पौराणिक परम्पराभन्दा भिन्न साहस, रोमाञ्च, शृङ्गार र कौतुहलले परिपूर्ण कृति 'वीरसिक्का' को महत्त्व बढी देखिएको छ । दृष्टान्त कथा शृङ्खलाले भरिएको अनि यथेष्ट मनोरञ्जनसहित जीवन सञ्चालनको चातुर्य वा नीतिशिक्षा पनि सिकाउने 'वीरसिक्का'को प्रकाशन १९४६ सालमा भएको हो । हुन त यसको मङ्गलाचरण र ठाउँ-ठाउँमा प्रयोग भएका नीति सुभाषित श्लोकहरूले यो पनि संस्कृत प्राकृत स्रोतबाटै निर्माण भएको बुझिन्छ तर त्यसबाहेक लोककथा, हिन्दी, फारसी आदि स्रोतहरूको पनि यसमा प्रभाव रहेको मानिन्छ । यसमा रहेको बहुल स्रोतको संयोजनमा कल्पना तत्त्वको पनि प्रचुर प्रयोग छ । त्यसैले पनि 'स्वस्थानी व्रतकथा' भन्दा यो प्रवृत्तिगत दृष्टिले उपन्यासको प्रारम्भिक आकृतिको केही निकट देखिन्छ । त्यसैले यसलाई उपन्यासको थालनीको प्रारम्भिक बिन्दु मान्नु उचित छ तर यस्तो कृतिको लेखन भने १८६०-७० अघि नै भएको हुँदा त्यसलाई बिर्सेर नेपाली उपन्यासको प्राथमिक कालको समय १९४६ देखि मान्नु व्यावहारिक हुन्न भन्ने झिनो तर्क पनि आउन सक्छ तर कृतिलेखनको अनुमानित समय ठोस तथ्य नभई प्रकाशित समयलाई नै ठोस तथ्य मानिन्छ ।

यसपछि १९९० पूर्व महेन्द्रप्रभा (१९५९), वीरचरित्र (१९६०), यमपञ्चक प्रपञ्च (१९६३), चक्र परिक्रम (१९७३), शर्मिष्ठा (१९८५), राजपूत रमणी (१९८९) जस्ता कृति प्रकाशित पाइन्छन् । यी कतिपय अपूर्ण छन् भने कतिपय अनेपाली परिवेशका छन् । त्यस्तै कतिपय शुद्ध धार्मिक प्रयोजनका लागि लेखिएका छन् भने कतिपय जासुसी, तिलस्मी र ऐयारी प्रवृत्तिका छन् । यति हुँदाहुँदै पनि मौलिक गद्याख्यान, प्रेमपरकता, मनोरञ्जकता, नेपाली सामाजिक परिवेश जस्ता कुरा पनि तिनमा देखिँदै गएकाले ती कृतिलाई नेपाली उपन्यासका प्रारम्भ कालीन स्वरूप मान्न सकिन्छ (थप जानकारीका लागि पौडेल, २०६९ ख, पृ.५७-६१) । तत्कालीन राणाशासनको निरङ्कुशता (स्मरणीय देव शमशेरको

पतन, चन्द्र शमशेरको उदय, सूक्तिसिन्धु पर्व, लाइब्रेरी पर्व, मकै पर्व) ले गर्दा पनि उपन्यास लेखनमा जन सरोकारका सामाजिक समस्या मुखर भएर आउने स्थिति थिएन । त्यसैले धार्मिक, नैतिक र मनोरञ्जक स्वर आदर्शवादी वा जासुसी, तिलस्मी, ऐयारी ढाँचामा व्यक्त गरेको देखिन्छ । बनोट र बुनोटका दृष्टिले हेर्दा पनि यस्ता औपन्यासिक कृतिको संरचना प्रारम्भिक प्रकृतिको नै पाइन्छ ।

नेपाली उपन्यासको अहिलेसम्म विभाजन गरिँदै आइएका प्राथमिक र माध्यमिक कालका बारेमा यस्ता विरोधाभास वा असङ्गति देखिएका हुँदा अहिलेसम्मको शोधखोजका आलोकमा सुरु वा १८२७ देखि १९९० सम्मको समयलाई प्राथमिक काल मानी त्यसलाई प्रथम चरण र द्वितीय चरणमा विभाजन गरी हेर्नु उचित ठानिएको छ । पहिलो चरणको समय सुरु वा १८२७ देखि १९४५ सम्म हो । यस चरणको विशेषता भनेको मूलतः धार्मिक, पौराणिक र अंशतः मनोरञ्जनमूलक नीतिशिक्षाका कृतिहरूको नेपाली गद्य भाषामा अनुवाद गरी गद्याख्यान लेखनको सामान्य थालनी र गद्यलेखनलाई निरन्तरता दिनु हो । साथै अनूदित यस्ता लेखोटहरू अमुद्रित अवस्थामा नै रहनु पनि हो । दोस्रो चरणको समय १९४६ देखि १९९० सम्म हो । यसको विशेषता भनेको गद्याख्यानले विस्तारै उपन्यासको आकृति लिन थाल्नु र त्यसको निरन्तरता देखिनु हो । साथै ती मुद्रित भई धेरै पाठकहरू सामु पुग्नु र तिनमा मौलिक गद्याख्यान, प्रेमपरकता र मनोरञ्जकताको सङ्क्रमण पनि देखिन थाल्नु हो ।

त्यसपछिको १९९१ को 'रूपमती' देखि २००३ सालसम्मका लेखनमा आदर्शवादी प्रवाहको निरन्तरता छ । तिनमा यथार्थ समाजका परिदृश्य रहे पनि ती वैज्ञानिक चेतना विरोधी आदर्श र भावुक चेतनाद्वारा धेरै नियन्त्रित छन् । 'रूपमती' मा सबै कुरा भए पनि सन्तान नभएर गम्भीर चिन्तामा डुबेकी नायिकालाई पशुपतिका बाबाले दिएको फल खाएपछि सन्तान भएको पुरानो धार्मिक तर्कले समस्याको गाँठो फुकाइएको छ । पात्रहरूको चरित्र पनि पूर्ण ध्रुवीकृत छ । नारीद्वेषी लबज पनि प्रशस्त छन् । 'भ्रमर' मा पनि घटनासंयोजन र चरित्रनिर्माणमा स्वच्छन्दतावादी भावुकता र आदर्शको जालो मनग्ये पाइन्छ । यी दुबैको सुखात्मक समाधानमा पनि परम्परित आदर्शवादी भावुकताले काम गरेको छ । यस्तो स्थिति २००३ सालपूर्वका अरू उपन्यासहरूमा झन् बढी देख्न सकिन्छ (थप जानकारीका लागि पौडेल, २०६९ ख, पृ.६८-७८) । यस समयका उपन्यासको अंश विशेषमा एकातिर १९९१ पूर्वको जासुसी तिलस्मीको केही प्रभाव छ भने अर्कातिर यथार्थ धरातलसँग बढी सम्बन्धित हुँदा आधुनिकताप्रतिको स्पष्ट आकर्षण पनि देखिन थालेको छ । त्यसैले प्राथमिक र आधुनिक कालको थोरै धेरै प्रवृत्तिको तानातानीमा ती परेका छन् । त्यो माध्यमिक कालकै चरित्र हो । त्यही भएर १९९१ देखि २००३ सम्मका उपन्यासहरूलाई माध्यमिक कालका मानिएको छ ।

हुन त उत्तरमाध्यमिक कालमा प्राथमिक कालबाट पूरै विच्छेद भई आधुनिकतातिरको तन्काइ हुनुपर्ने हो तर यस कालखण्डका उपन्यासको प्रवृत्तिमा त्यस्तो कमिक विकास पनि देखिँदैन । बरु रूपमती र भ्रमरपछिका २००३ सम्मका उपन्यासमा ह्रासोन्मुखता नै देखापर्छ । यसो हुनुमा चन्द्र शमशेरको मृत्युपछि पनि राणाशासनको बर्बरता उनका उत्तराधिकारीले कायमै राख्नु, नेपालभित्र र बाहिरबाट केही सङ्गठित राजनीतिक विद्रोहको प्रयत्न भए पनि त्यसले उपन्यासकारहरूमा उत्साह थप्न नसक्नु, विद्रोहीहरू समातिएर दण्डित हुनु, १९९७ को सहिद काण्डपछि त समाज झनै भयभीत बन्नु आदि कारण औँल्याउन सकिन्छ ।

उपन्यासलेखनलाई अनुकूल भूमि भनेको पूर्ण वाक्स्वतन्त्रता भएको समाज हो किनभने उपन्यास समाजिक यथार्थकै कलात्मक अभिव्यक्ति हो । यसमा लेखकले कलात्मकताका लागि अनेक प्रयोगहरू गरिरहेको हुन्छ । विषय र शिल्पछनोटमा उसले अङ्कुशको अनुभूति गर्नुपर्‍यो भने उसको

सिर्जनात्मकता ठिँगुरिन्छ । नेपलमा राणाकालसम्म त्यो स्वतन्त्रता रहेन । भारतमा भने अङ्ग्रेज शासकले राजनीतिक विद्रोहीलाई नियन्त्रण गर्न खोजे पनि कलाकर्मीप्रति त्यस्तो निरङ्कुशता देखाएका थिएनन् । राजनीतिकर्मीले पनि "अङ्ग्रेज हटाओ आन्दोलन" चर्काउँदै लगेका थिए । फलतः २००४ सालमा अङ्ग्रेजहरू सत्ताच्युत हुनुपर्‍यो । त्यसैले त्यस खुला परिवेशमा रहेर लैनसिंह बाङ्देलले २००४ सालमा 'मुलुकबाहिर' उपन्यास लेख्न सम्भव भयो ।

बहुनायक र बहुनायिका भएको *मुलुकबाहिर* उपन्यास यथार्थवादी लेखनमा आधारित छ किनभने यसको विषय, प्रस्तुति र शिल्प यथार्थवाद अनुरूपको छ । नेपालभित्रका विपन्न वर्ग पेटको समस्यासमाधान गर्न मुग्लान पसे पनि त्यहाँ उनीहरूले केकस्ता जटिल समस्या ब्यहोर्नुपर्छ भन्ने कुरा यसमा देखाइएको छ । यसक्रममा विपन्न पात्रकै केन्द्रीयतामा विपन्नता वा गरिबीको समस्यालाई गहिराइका साथ हेर्ने, जीवनका विडम्बनाहरूको निरूपण गर्ने, समाज र संस्कृतिसापेक्ष विषय, पात्र र परिवेश प्रस्तुत गर्ने, युवकयुवतीको प्रेमका आरोह अवरोहमा पितृसत्ताले निम्त्याएको कारुणिकताको मार्मिकतालाई स्वाभाविक औपन्यासिक कलात्मकताका साथ देखाउने, अशिक्षा, गरिबी, आशङ्का, आक्रोश र आवेशले गर्दा निराशा र अत्यासले खाँदिएको जीवन कतै मृत्युवरण गर्न पुगेको र कतै नजानिँदो आशाको तन्तुका कारण बल्लतल्ल धानिने जस्ता परिस्थितिमार्फत अप्रत्यक्षतः अमानवीय कर्मप्रति पछुतो र व्यापक मानवताको पक्षधरता पनि यसमा प्रकट भएको छ । त्यसैले यो नेपाली उपन्यास साहित्यमा पहिलो पटक सामाजिक यथार्थवाद प्रस्तुत गर्ने उपन्यास मानिन्छ (विस्तृत जानकारीका लागि पौडेल, २०६९ ख, पृ. ८३-१०३ र २९४-३०४) । यसमा अगाडिको जस्तो उपन्यासकारको आदर्शप्रतिको आग्रह छैन । पारलौकिक नभई इहलौकिक दृष्टिकोण प्रस्तुत गरिएको छ । चिन्तनको केन्द्र ईश्वर नभई समस्याग्रस्त निम्नवर्गीय मानव छ । समाज सामन्तवादी व्यवस्थाबाट पुँजीवादतिर सङ्क्रमण भइरहँदा अशिक्षित निम्नवर्गले भोगेका सुखदुखका यथार्थ सन्दर्भ नै उपन्यासको विषय बनेर आएका छन् । उनीहरूका प्रेमका हर्ष र विषादको कथाले जीवनको मर्ममय कारुणिकता नियालिएको छ ।

त्यसो त यथार्थवादको मूल रूप फ्रान्सेली यथार्थवादलाई हेर्ने हो भने यस उपन्यासमा पनि केही सीमा देखिन्छन् । तर बाङ्देलले फ्रान्सेली यथार्थवादलाई संस्कृतिसापेक्ष अनुकूलन गरी प्रयोग गरेका छन् (पौडेल, २०६९ ख, पृ.१३३) । त्यसरी हेर्दा पनि यस उपन्यासमा यथार्थवादसँग मेल नखाने थोरै प्रसङ्ग त देखिन्छन् (पौडेल, २०६९ ख, पृ.१०३) तर समग्र उपन्यासको प्रभावका सन्दर्भमा ती अवरोधक बनेका छैनन् । समग्रतामा उपन्यासकार घटना, परिस्थिति र पात्रको क्रियाशीलतामा तटस्थ निरूपक मात्रै बनेका छन् । परम्पराका सापेक्षतामा कथ्य र शिल्पमा नवीन प्रयोग पनि पाइन्छन् । त्यसैले यसबाटै आधुनिक नेपाली उपन्यासको लेखन आरम्भ भएको मान्नु तर्कसङ्गत देखिएको छ ।

२००४ सालपछि नेपालभित्र र बाहिरको खुला परिवेशमा नेपाली उपन्यासले कथ्य र शिल्पमा थप नवीनता अन्वेषण गर्दै विकासको गति लिएको देखिन्छ । फलतः प्रशस्त धारा र प्रवृत्तिहरू पनि विकास भएका छन् । उपन्यासका यी तीनै कालखण्ड र तिनका उपविभाजनहरूलाई प्रारम्भिक सर्वेक्षणका आधारमा निम्नानुसार देखाउन सकिन्छ-

१. प्राथमिक काल (सुरु/१८२७ - १९९०)

क. पहिलो चरण (सुरु/१८२७-१९४५)

- उपन्यास बनिनसकेको तर गद्याख्यानको प्रारम्भिक प्रयत्न,
- धार्मिक, पौराणिक, नीतिशिक्षा र अंशतः मनोरञ्जक गद्याख्यान,

ख. दोस्रो चरण (१८४६-१९९०)

- उपन्यासले आकार पाएको,
- जासुसी, तिलस्मी र ऐयारी ढाँचाका मनोरञ्जक धारा,
- सामाजिक, धार्मिक र नीतिशिक्षामूलक धारा,

२. माध्यमिक काल (१९९०-२००३)

क. आदर्शवादी धारा

ख. स्वच्छन्दतावादी धारा

३. आधुनिक काल (२००४-आजसम्म)

क. पहिलो चरण (२००४-२०२०)

अ. यथार्थवादी धारा

- बाह्य यथार्थकेन्द्री
    - सामाजिक यथार्थवादी धारा
    - ऐतिहासिक यथार्थवादी धारा
    - आलोचनात्मक यथार्थवादी धारा
    - नारीवादी यथार्थवादी धारा
    - प्रकृतवादी यथार्थवादी धारा
    - आञ्चलिक यथार्थवादी धारा
    - .........................
- आन्तरिक यथार्थकेन्द्री
    - मनोवैज्ञानिक यथार्थवादी धारा
    - ..............................

ख. दोस्रो चरण (२०२१-२०४१)

- अस्तित्ववादी धारा
- विसङ्गतिवादी धारा
- प्रयोगवादी धारा
- समाजवादी यथार्थवादी / प्रगतिवादी धारा
- मिथकीय धारा
- ..................

ग. तेस्रो चरण (२०४२-२०६२ सम्म)

- उत्तरआधुनिकतावादी बहुलवादी प्रवृत्ति
- .................

घ. चौथो चरण (२०६३ देखि आजसम्म)

- समकालीन लेखन धारा / प्रयोगवैचित्र्य धारा,
- पहिचानवादी प्रवृत्ति,
- पूर्ववर्ती प्रवृत्तिहरूको निरन्तरता
- ..........................................,

तेस्रो र चौथो चरणमा पहिलो र दोस्रो चरणकै प्रवृत्तिहरूको पुनरावृत्ति छ तर त्यसमा नयाँ सोच र सन्दर्भसहितको पुनरावृत्ति छ । जस्तै नारीवादका अनेक प्रकारहरू यतिखेर देखिएका छन् । समाजवादी यथार्थवाद पनि विश्वमा कम्युनिस्ट शासनको पतन, देशमा सरकार माओवादी द्वन्द्व र गणतन्त्रप्राप्ति जस्ता विषयसँग सम्बद्ध हुँदै नयाँ-नयाँ सन्दर्भ र स्वरूपमा देखिएको छ । त्यस्तै स्वैरकल्पनाको विशिष्ट प्रयोगकै रूपमा जादुमय वा मायिक यथार्थवाद आएको छ । शिल्पको नव-नव प्रयोग बढ्दै जाँदा आत्मकथात्मक उपन्यास र सूत्र उपन्यासको लेखन पनि भएको छ । पराख्यान वा पराउपन्यासहरूको सिर्जना पनि भएको छ । यीबाहेक तेस्रो र चौथो चरणमा थप नयाँ-नयाँ धारा/प्रवृत्ति पनि आएका छन् । जस्तै-

- विनिर्माणवादी,
- नवमार्क्सवादी,
- वैज्ञानिक अनुकल्पना,
- जादुमय/मायिक (म्याजिकल) यथार्थवादी,
- आप्रवासनका (डायस्पोरिक) पीडा लेखन,
- सीमान्तीयताको लेखन,
- नव इतिहासवादी,
- नव उपनिवेशवादी,
- यलजीबीटीक्यू लेखन,
- फरक क्षमता आदि आदि ।

छोटोमा भन्दा सुरुदेखि २००३ सम्मको समय नेपाली उपन्यासको पूर्वआधुनिक काल हो । त्यसको ठोस विशेषता भनेको जासुसी, तिलस्मी र आदर्शवादप्रतिको लगाव हो । यो भनेको वस्तुपरकता र वैज्ञानिकताप्रतिको विमुखता पनि हो । त्यस्तै २००४ देखि आजसम्मको समय आधुनिक काल हो । यसको खास विशेषता भनेको वस्तुपरकता र वैज्ञानिक तर्कप्रतिको गहिरो रुचि हो । समाज र जीवनको सघन निरूपण अनि निरन्तर नयाँ-नयाँ कथ्य र शिल्पको सन्धान पनि हो । साथै विज्ञानको विकास हुँदै जाँदा (क्लासिकल फिजिक्सबाट क्वान्टम फिजिक्समा पुग्दा) देखिएका नियमितता, शाश्वतता र सार्वभौम सोचको विघटनपछि चिन्तन र शिल्पमा देखिने बहुलतम नवपन वा प्रयोग वैचित्र्य पनि हो ।

## विषय-निष्कर्ष

काल अनन्त र अखण्ड छ तर मानवीय बोधको सीमाका कारण हामी कालक्रममा निर्मित विभिन्न इतिहासका कुराहरूलाई आआफ्नै परिकल्पनाका आधारमा विभिन्न कालखण्डमा विभाजित गरेर हेर्छौं । समयक्रममा विकसित नेपाली उपन्यास साहित्यलाई विभिन्न कालखण्डमा विभाजित गरेर हेर्नुको कारण पनि यही हो । साहित्येतिहासमा कालखण्डलाई विभाजित गर्ने अनेक आधार भए पनि साहित्यिक प्रवृत्ति नै मुख्य हो । तर कालखण्डको नामकरण भने इतिहासमा चलेका प्राचीन/प्राथमिक, मध्य/माध्यमिक र आधुनिक काल नै नेपाली साहित्येतिहासमा पनि धेरैले चलाएका छन् । कालखण्डको समयको सीमाङ्कन भने ऐतिहासिक परिवेश र ऐतिहासिक साहित्यिक कृतिहरूको गहन अनुशीलनका आधारमा साहित्येतिहासकारले तार्किक परिकल्पनाद्वारा गरेको हुन्छ । कालखण्डभित्रै त्यस समयका कृतिहरूको प्रवृत्ति वा भाव धारा क्रमशः प्रस्तुत गरी ऐतिहासिक चेतसहित चर्चा गर्नु व्यावहारिक हुन्छ

। नेपाली साहित्येतिहास पूर्ण, खण्ड र विधाकेन्द्री देखिए पनि ती मूलतः विवरणात्मक र वर्णनात्मक प्रकृतिकै बढी छन् ।

तथ्यसङ्गत साहित्येतिहास लेखनका लागि इतिहासको वस्तुपरकता, वैज्ञानिकता र पद्धतिबद्धताका साथै साहित्यप्रतिको समालोचनात्मक क्षमता पनि साहित्येतिहासकारलाई आवश्यक हुन्छ । यसमा ऐतिहासिक साक्ष्यका आलोकमा साहित्यको समालोचना गर्दै समयक्रममा भएको साहित्यको आरोह अवरोहको गति र कृतिको सापेक्ष मूल्य निरूपण पनि गरिनुपर्छ । वर्तमानमा रही विगतको विषयक र अन्तर्विषयक स्रोत जुटाएर गरिने यो काम निकै सूक्ष्म र जटिल प्रकारको हुन्छ तर साहित्येतिहासको सैद्धान्तिक र व्यावहारिक पक्षमा खासै जानकारी नराख्नेहरूले पनि नेपाली साहित्येतिहास लेखेका हुँदा कालविभाजनमा अनेक समस्या देखिएका छन् ।

नेपाली साहित्येतिहास धेरैजसो मिश्रित वा पूर्ण इतिहासका रूपमा लेखिएका छन् र ती सबैजसो कविता विधाकेन्द्री बनेर प्रस्तुत हुँदा अन्य साहित्यिक विधाप्रति न्याय गर्न सकेका छैनन् । त्यस्तै आधुनिकताको धारणामा मतैक्य नहुँदा पनि नेपाली साहित्येतिहासमा धेरै नै विवाद देखिएको छ । यही पृष्ठभूमिमा नेपाली उपन्यासको कालविभाजनमा देखिएका अनेक असङ्गति वा समस्याहरूको चर्चा यहाँ गरिएको छ । यस्ता समस्याहरूमा कालविभाजन र समयनिर्धारण एक किसिमको परिकल्पना भए पनि त्यसमा निश्चित वस्तुगत आधार हुनुपर्छ भन्नेमा ख्याल नगरिनु, प्राचीन गद्याख्यानहरूको पर्याप्त अन्वेषण हुन नसक्नु, साहित्येतिहास लेख्दा इतिहासवादी दृष्टिकोणप्रति सचेत नहुनु, समग्र साहित्यको अध्ययन नगरी पूर्ण इतिहास लेख्ने रहर गर्नु र कविताको केन्द्रीयतामा उपन्यासको पनि कालखण्ड तोकिनु, उपन्यासको उत्पत्ति र विकासको वास्तविकतालाई त्यस्तो विभाजनले न्याय नगर्नु, प्राथमिक, माध्यमिक र आधुनिक कालका न्यूनतम सैद्धान्तिक पहिचानमा स्पष्टता नदेखिनु, प्राथमिक, माध्यमिक र आधुनिक कालका न्यूनतम मापकहरू सबै विधामा समान रूपले लागु नगरिनु, ऐतिहासिक परिस्थिति र कृतिगत तथ्यको सङ्गतिपूर्ण व्याख्याविश्लेषण त्यति हुन नसक्नु, सिद्धान्त र कृतिगत तथ्यले नभने पनि शक्तिका आडमा कृतिको अधिमूल्यन गराई कालनिर्धारण गर्नु आदि देखिएका छन् ।

यस अनुसन्धानमूलक लेखमा यस्ता समस्याहरूको अनुशीलन गरी पर्याप्त आधारसहित नेपाली उपन्यासको प्राथमिक (सुरु/१८२७-१९९०), माध्यमिक (१९९१-२००३) र आधुनिक काल (२००४-आजसम्म) को समयनिर्धारण परम्परितभन्दा फरक किसिमले गरिएको छ । साथै आधुनिक कालपछिको विकासको गतिलाई पनि चार चरण र विभिन्न धारा / प्रवृत्तिमा विभाजित गरी सङ्क्षेपमा सङ्केत गरिएको छ ।

यस प्राज्ञिक कर्मले नेपाली साहित्यका अन्य उपविधाहरूको परम्परित इतिहासका समस्यालाई पनि अप्रत्यक्षतः सङ्केत गरेको हुँदा आवश्यकतानुसार तिनको परिमार्जनका लागि यसले प्रेरित गर्ने अपेक्षा गरिएको छ । निश्चय नै तथ्यसङ्गत ढङ्गमा यही बाटाबाट अगाडि बढ्दै गए नेपाली पूर्ण साहित्येतिहासको अपूर्णताको खाडल पुर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अग्रवाल, दामोदर (सन्१९७२), *अङ्ग्रेजी साहित्य कोश,* दिल्ली : भारतीय ज्ञानपीठ ।

अधिकारी, बालाकृष्ण (२०६९), *नेपाली साहित्यको कालविभाजन ऐतिहासिक विश्लेषण,* काठमाडौँ : विवेक सिर्जनाशील प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

कँडेल, घनश्याम (२०४९), "रूपमती औपन्यासिक स्थापत्यको पहिलो नमूना", *रश्मी* (वाङ्मय विशेषाङ्क), पृ.१२५-१३१ ।

चापागाईं, नरेन्द्र (२०३८), *केही कृति केही प्रतिकृति,* ललितपुर : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०३४), *आधुनिक नेपाली साहित्यको झलक,* (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन ।

जैन, रवीन्द्रकुमार (सन् १९७२), *उपन्यास सिद्धान्त और संरचना,* दिल्ली : नेसनल पब्लिसिंग हाउस ।

त्रिपाठी, वासुदेव (२०२८ क), "आधुनिकता" *प्रज्ञा,* २ : १, पृ. २४-२९ ।

त्रिपाठी, वासुदेव (२०२८ ख), *विचरण,* काठमाडौँ : भानुप्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३६), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन ।

थापा, किशन (२०६० क), "नेपाली उपन्यासको विकासक्रम", *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ.२२-३७ ।

थापा, रोशन (२०६० ख), "नेपाली आधुनिक उपन्यास लेखनपरम्परामा सहलेखन", *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ.१०१-११७ ।

दाहाल, खेम (२०६०), "उपन्यासको सय वर्ष र तथाकथित उपन्यास", *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ.१३२-१४७ ।

पराजुली, ठाकुर (२०३३), "नेपाली उपन्यासको ऐतिहासिक विवेचना", *ज्ञानविज्ञानको दिशा,* वाराणसी : श्रीमती दुर्गा तिमसिना ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०५५), "रूपमती उपन्यासको चरित्रविधान" *समकालीन साहित्य,* पूर्णाङ्क ३३, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.१४९-१५८ ।

पौडेल, विष्णुप्रसाद (२०६८), *उपन्यास समालोचना,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६९ क), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६९ ख), *नेपाली उपन्यासमा सामाजिक यथार्थवाद,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६९ ग), *समकालीन नेपाली साहित्य चिन्तन र उपन्यास समालोचना,* पोखरा : सुलोचना खनाल ।

पौड्याल शर्मा, हीरामणि (२०४१), *समालोचनाको बाटोमा,* पर्वत : इन्दिरा शर्मा पौड्याल ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२५), "नेपाली उपन्यास" *साझा समालोचना,* ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* (तेस्रो सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर (२०३९), *आख्यानको उद्भव,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५५), *संदृष्टि,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५४), *खोजखाज,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई शर्मा, शरदचन्द्र (२०३७), *नेपाली साहित्यको इतिहास (माध्यमिक काल),* काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र ।

राई, इन्द्रबहादुर (२०५०), *उपन्यासका आधारहरू,* (दोस्रो सं), ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्र (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सत्याल, यज्ञराज (२०२९), *नेपाली साहित्यको भूमिका,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

सिप्ले, जोसेफ टी. (सन् १९९३), *डिक्स्नरी अफ वर्ल्ड लिटररी टर्म्स,* (भारतीय प्रति), दिल्ली : डोआबा हाउस ।

सिंह, बच्चन (सन् २००८), *उपन्यास का काव्यशास्त्र,* दिल्ली : राधाकृष्ण प्रकाशन, प्रा लि ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यासपरम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।

शर्मा, गार्गी (२०५१), *बाङ्देलका नारी पात्रहरू,* काठमाडौ : भगीरथ काफ्ले ।

शर्मा, तारानाथ (२०३९), *नेपाली साहित्यको इतिहास,* (दोस्रो सं.), काठमाडौँ : सङ्कल्प प्रकाशन ।

शर्मा, मोहनराज (२०४०), *नेपालीका केही आधुनिक साहित्यकार,* (दोस्रो सं), काठमाडौँ : सहयोगी प्रेस ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६०), “मौलिक नेपाली उपन्यासको सय वर्ष”, *नेपाल,* (४ : ४, २०६०), पृ.७४-७५ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०), “गिरीशवल्लभ जोशीको वीर चरित्र र नेपाली उपन्यासको सय वर्ष”, *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ.१-२१ ।

शुक्ल, रामचन्द्र (२००६), *हिन्दी साहित्य का इतिहास,* (पाँचौँ सं.), वाराणसी : नागरी प्रचारिणी सभा ।

श्रेष्ठ, दयाराम र अधिकारी बालकृष्ण (२०७७), *साहित्यको इतिहास,* (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४०), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सन् २००६), “नेपाली कथामा आधुनिकताको चेत र कथाकार विश्वेश्वरप्रसाद कोइरालाको भूमिका”, वी.पी. कोइराला नेपाल भारत प्रतिष्ठानद्वारा आयोजित चौथो नेपाल भारत नेपाली लेखक सम्मेलनमा प्रस्तुत कार्यपत्र ।

श्रेष्ठ, दयाराम (२०६१), *साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ,* (दोस्रो सं.), काठमाडौँ : त्रिकोण प्रकाशन ।